मूल्य रु. ४५/-

गौरी

मासिक पत्रिका

ISSN 2091-1629
वर्ष ५८, अङ्क ७, २०७९ चैत, पूर्णाङ्क २०३

GAURI MASIK

गौरी २०३ औं थुँगा

जयवागेश्वरी मन्दिर

का.म.न.पा.-८, पशुपति क्षेत्र

सुमार्गी भवन
बनकाली, पशुपति
सम्पर्क: ९८०८५८३७००
शुभकार्य (शुभ विवाह, शुभब्रतवन्ध, चौराशीपूजा, लाखवत्तीपूजा), नेपाली सांस्कृतिक कार्यक्रमहरु, एवम् सभा, सेमिनार गोष्ठी सम्मेलन गर्नु परेमा साथै भागवत् सप्ताह लगायत कुनै पनि कार्यको लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ शुद्ध शाकाहारी भोजनको मात्र व्यवस्था हुनेछ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
उप-सम्पादक
बिना अधिकारी
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ७, २०७९, पूर्णाङ्क २०३

चैत २०७९

बुधबार	१	८	१५	२२	२९
बिहीबार	२	९	१६	२३	३०
शुक्रबार	३	१०	१७	२४	गौरी
शनिबार	४	११	१८	२५	गौरी
आइतबार	५	१२	१९	२६	गौरी
सोमबार	६	१३	२०	२७	गौरी
मङ्गलबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

भगवान्का विभूतिहरूको वर्णन

अर्जुनको मनमा यस्तो धारणा भयो कि कुटुम्बहरूलाई मार्नु र त्यो पनि राज्य पाउनका निम्ति, साह्रै निन्दनीय कर्म हो । साधारण मानिस उनी पनि यही विचार गरिराखेका थिए कि म मार्ने मानिस हुँ र यिनीहरू मर्ने मानिस हुन् । त्यतिखेर मैले उनलाई रणभूमिमा जुन उपदेश दिएँ त्यही उपदेश म तिमीलाई सुनाउँछु ।

म सबै प्राणीहरूका आत्मा र तिनको नियामक हुँ । म नै यी समस्त प्राणीहरू र पदार्थहरूमा व्याप्त छु र तिनको उत्पत्ति, स्थिति र प्रलयको कारण पनि म नै हुँ । म नै गतिशील पदार्थहरू हुँ र म नै सबैको काल हुँ । गुणहरूमा पनि म उनको मूलस्वरूप साम्यावस्था हुँ र जति पनि सगुण पदार्थ छन्, तिनमा मै स्वभाविक गुण हुँ । सूक्ष्म वस्तुहरूमा म ॐकार हुँ । अक्षरहरूमा अकार, छन्दहरूमा गायत्री, देवताहरूमा ईन्द्र, वसूहरूमा अग्नि, आदित्यहरूमा विष्णु र रूद्रहरूमा म नीललोहित नाम गरेको रूद्र हुँ । म ब्रह्मर्षिहरूमा भृगु, राजर्षिहरूमा नारद र गाईहरूमा कामधेनु हुँ । सिद्धेश्वरहरूमा कपिल, पक्षीहरूमा गरूड, प्रजापतिहरूमा दक्षप्रजापति, दैत्यहरूमा प्रह्लाद, नक्षत्रहरूमा चन्द्रमा तथा यक्षहरूमा म कुबेर हुँ । हात्तीहरूमा ऐरावत, जलनिवासीहरूमा बरूण, प्रभावानहरूमा सूर्य र मानिसहरूमा राजा हुँ । म घोडाहरूमा उच्चैःश्रवा, धातुहरूमा सुन, दण्डधारीहरूमा यम, सर्पहरूमा वासुकि, नागराजहरूमा शेषनाग र पशुहरूमा त्यसको राजा सिंह हुँ । म तीर्थ र नदीहरूमा गङ्गा, जलाशयहरूमा समुद्र, अस्त्रशस्त्रहरूमा धनुष र धनुर्धारीहरूमा त्रिपुरारि शङ्कर हुँ । वनस्पतिहरूमा पीपल र धान्यहरूमा जौ हुँ । पुरोहितहरूमा वशिष्ठ, वेदवेत्ताहरूका स्वामी कार्तिकेय र सन्मार्गप्रवर्तकहरूमा म ब्रह्मा हुँ । म व्रतहरूमा अहिंसा व्रत र शुद्ध गर्ने पदार्थहरूमा वायु, अग्नि, सूर्य, जल, वाणी र आत्मा हुँ । म विजयेच्छुकहरूमा नीतिबल, कौशलहरूमा विवेक तथा ख्यातिवादीहरूमा विकल्प हुँ । म स्त्रीहरूमा शतरूपा, पुरुषहरूमा स्वायम्भुव मनु; मुनीश्वरहरूमा नारायण र ब्रह्मचारीहरूमा सनत्कुमार हुँ । म धर्महरूमा कर्मसंन्यास, अभयका साधनहरूमा आत्मस्वरूपको अनुसन्धान, ऋतुहरूमा वसन्त, महिनाहरूमा मार्गशीर्ष र नक्षत्रहरूमा अभिजित हुँ । युगहरूमा सत्ययुग, विवेकीहरूमा महर्षि देवल र असित; व्यासहरूमा श्रीकृष्णद्वैपायन तथा कविहरूमा मनस्वी शुक्राचार्य हुँ । किम्पुरूषहरूमा हनुमान; तृणहरूमा कुश र हविष्यहरूमा म गाईको घिउ हुँ । म व्यापारीहरूमा रहने लक्ष्मी र सात्विक पुरूषहरूमा रहने सद्‌गुण हुँ । बलवान्हरूमा उत्साह र भक्तहरूमा भक्तियुक्त निष्काम कर्म म नै हुँ । पर्वतहरूमा स्थिरता र पृथ्वीमा शुद्ध गन्ध म नै हुँ । जलमा रस, तेजस्वीहरूमा अग्नि, सूर्य, चन्द्र र ताराहरूमा प्रभा तथा आकाशमा म एक मात्र गुण शब्द हुँ । म ब्राह्मणभक्तहरूमा बलि र वीरहरूमा अर्जुन हुँ । अहङ्कार, महत्तत्त्व, पञ्चमहाभूत, जीव, प्रकृति, सत्य, रज, तम र ब्रह्म यी सबै म नै हुँ । म नै सबैको आत्मा र म नै यावन्मात्र सबै थोक हुँ । मबाहेक अरू कुनै पदार्थ कतै छैन । जसमा पनि तेज, श्री, कीर्ति, ऐश्वर्य, लज्जा, त्याग सौन्दर्य, सौभाग्य, पराक्रम, तितीक्षा र विज्ञान आदि श्रेष्ठ गुण छन्, ती मेरै अंश हुन् ।

उद्धव ! मैले सङ्क्षेपमा विभूतिहरूको वर्णन गरेँ । यी सबै परमार्थ वस्तु होइनन्, बरू मनोविकार मात्र हुन्; किनभने मनले विचार गरेका र वाणीले भनिएका कुनै पनि वस्तु परमार्थ हुँदैनन् । त्यसको एउटा कल्पना मात्र हुन्छ । अतः तिमी वाणीको संयम गर र मनका सङ्कल्पविकल्पहरूलाई रोक । यसका लागि प्राणहरूलाई वशमा गर र इन्द्रियहरूलाई दमन गर । जसले सात्विक बुद्धिद्वारा वाणी र मनलाई पूर्णतया वशमा गर्दैन, त्यसका व्रत, तप र दान काँचो घडामा भरेका पानी झैं क्षीण भइहाल्छन् । यस कारण मेरा भक्तले बुद्धिद्वारा वाणी, मन र प्राणहरूको संयम गर्नुपर्छ ।

वर्णाश्रम धर्मको निरूपण

उद्धवजीले सोधे– माधव ! अव कृपा गरी यो भन्नुस् कि मानिसले कसरी आफ्नो वर्णाश्रमधर्मको अनुष्ठान गरोस्, जसद्वारा त्यसले सजिलै हजुरको चरणमा भक्ति प्राप्त गर्न सकोस् । हजुर त्यस धर्मको वर्णन गर्नुहोस्, जुन हजुरका भक्तिलाई सजिलो होस् । क्रमशः

सम्पादकीय

श्रीको स्नान

भगवान् शिव अर्थात् श्रीपशुपतिनाथ समस्त हिन्दुहरूका आराध्यदेव हुन् । भगवान् शिव जलप्रिय भएकै कारण श्रीपशुपतिनाथलाई हरेक दिन (वासुकीनाथ सहित) करिव १०८ घडा जलले स्नान गराउने चलन छ । समुद्र मथनबाट उत्पन्न भएको कालकूट विषले संसार भष्म हुने भएपछि उक्त विष आफूले सेवनगरी कण्ठमा धारण गर्दा हुन गएको दर्दलाई शान्त पार्न भक्तजनले भगवान् शिवलाई जलले स्थान गराउने चलन चलेको प्राचीन मान्यता छ ।

पौराणिक एवम् धार्मिक दृष्टिकोणले अत्यन्तै पवित्र मानिने वाग्मती नदीको समीपमा अवस्थित भगवान् पशुपतिनाथलाई प्राचीनसमयदेखि यही नदीको जलले स्नान गराउने परम्परा रहेको थियो । तर, काठमाडौंमा बढ्दो शहरीकरणसँगै वाग्मती नदी ढलयुक्त बनाइएपछि वि.सं. २०४७/४८ सालतिरबाट भगवान् पशुपतिनाथलाई वाग्मतीको जलले नभई मूल मन्दिरकै दक्षिणतर्फ इनार निर्माण गरी सोही इनारको जलले स्नान गराइने व्यवस्था शुरूभयो ।

अल्पकालीन रूपमा इनारको जलले स्नान गराउनु उपयुक्त भए पनि दीर्घकालीनरूपमा पशुपति क्षेत्र विकास कोषले भगवान्को स्नानको निम्ति वाग्मतीकै जलको वैकल्पिक व्यवस्था गर्नुपर्ने जरुरी थियो । तर, तीन दशक बितिसक्दा पनि विकल्पको खोजी गरिएको देखिएन । सामान्य मानिसको घरमा इनार या धाराको व्यवस्था गर्नुपर्दा पूर्व, उत्तर या इशानकोण (पूर्व-उत्तर) दिशातर्फ गर्नुपर्ने वास्तुशास्त्रको निर्देशन छ । स्वयं देवादिदेव भगवान् पशुपतिनाथको निम्ति दक्षिणतर्फ इनार निर्माण गर्नु कत्तिको उपयुक्त होला ? सोचनीय छ । यसर्थ विकास कोषले यथाशीघ्र वाग्मतीको जल स्वच्छ बनाउने कार्यक्रम अगाडि बढाउनु जरुरी छ । तत्काल वाग्मतीको जलमा सुधार ल्याउन नसक्ने हो भने पनि पायपलाइन वा अन्य वैकल्पिक व्यवस्थाबाट सुन्दरीजलको पवित्र जलले स्थान गराउने व्यवस्था हुनु अपरिहार्य छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

भोलेनाथ भजेर .... धर्मानन्द भारवि ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

स्तुति

श्री बुद्धाय महते नमः प्रा.डा. ऋषिराम पोखरेल ८

विश्लेषण

मुक्तिको..... सहप्रा. डा. विनुबाबा अर्याल १०

आध्यात्मिक वार्ता

मातृभावले...... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' १५

अन्तरवार्ता

हाम्रा हाम्रा कर्म एवम्....... सुशीला नेपाल १८

समसामयिक

जातिवाद होइन.... घनश्याम कोइराला २१

पुराण चर्चा

गर्गसंहिता... मोहनप्रसाद आचार्य २४

देश-दर्शन

महाकाली नदी... आचार्य घनश्याम लेखक २८

महिमा

शिवनामको महिमा ३१

तालिका

पाहाचह्रे जात्रा- २०७९ विवरण ३३

गतिविधि ३५

भोलेनाथ भजेर रम्छ दुनियाँ

धर्मानन्द भारवि

विद्यातीर्थ महेशको दिनदिनै गर्दै छु अभ्यर्थना
सम्झी ब्रह्म विवेकशील पथमा हिड्ने त हो चाहना ।
गौरी भन्छु उमा पुजेर म सधैं उत्साहिलो भो मन
हुन् आमा गुणगान गाउँछु झनै देवी पुकारीकन ॥

न्यानो लाग्छ मलाइ झन् भगवती सम्झेर आस्था लिंदा
यो विश्वास अटूट होस्- हृदयमा छन् प्रार्थना सम्झिदा ।
मेरै देश त हो अनन्य सुझमै सद्भक्तिको गान छ
भोलेनाथ भजेर रम्छ दुनियाँ अस्तित्वको मूल्य छ ॥

छाती छाम्छु हिमालका शिखरमा उन्कै छ आभास यो
बाजी थाप्छु समस्त लोकभरिमै नेपाल चम्किन्छ यो ।
आस्थाको अविराम गान छ जहाँ उन्कै छ सङ्कीर्तन
गौरीशङ्कर ! रूद्रनाथ र शिवा यौटै त हो गुञ्जन ॥

गाऊँ नित्य प्रसन्न चित्तवशले भोले -उमाका पति
उन्कै चिन्मय प्रीतिचाख छ ममा बढ्दै छ झन् सद्मति ।
हामी छौं उनकै सदैव भरमा टुट्दैन विश्वास यो
जत्रै दुख्ख परोस् असह्य नहुने विश्वासिलो सोच यो ॥

जुट्लान् जीवनमा वरत्र- पर नै उन्मुक्त सद्भावना
श्रद्धाको अविराम स्रोत छ जहाँ खिल्ने त हो चेतना ।
जैलेसम्म शरण्य भाव मनमा होला उनै साथ छन्
बिर्स्यौं मूल भने छ शूल सहसा दुर्भाग्यका द्वार छन् ॥❖

-तीनथाना, काठमाडौं



गीता द्वितीय अध्याय
सांख्ययोग

– आचार्य खेमराज केशवशरण

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।२०।

अन्वयः अयं कदाचित् न जायते वा म्रियते भूत्वा भूयः अभाविता न न भूत्वा भूयः भवितावा न । अजः नित्यः शाश्वतः पुराणः अभं शरीरं हन्यमाने न हन्यते ।

सरलार्थः यो आत्मा कहिल्यै जन्मदैन । न त यो कहिल्यै मर्छ नै । यो आत्मा पहिले भएर पछि नहुने होइन । अनि पहिले नभएर पछि हुने पनि होइन । यो नजन्मने सधैं एकै रूपले रहने, अति पुरानो र सनातन छ । शरीर नाश हुँदा आत्माको नाश हुँदैन ।

भावार्थचन्द्रिकाः

शरीरका ६ वटा अवस्थाहरू हुन्छन्; जन्मनु, केही समय रहनु, बढ्नु, बदलिन थाल्नु, घट्नु, अनि नाश हुनु । यी ६ अवस्थाहरू शरीरमा मात्र हुन्छन् आत्मामा हुँदैनन् । यी विकारहरूमा जन्मनु र मर्नु यी दुई विकास प्रमुख भएका हुनाले भगवान्‌ले यहाँ यिनैको उल्लेख गर्नुभएको छ । जन्मनु र मर्नु नै हर्ष र शोकका कारण हुन्छन् । र, मानवीय भावनालाई सर्वाधिक प्रभाव पार्ने जीवनका घटनाहरूमा पनि अरूभन्दा यी दुई नै प्रधान हुन्छन् । शरीर पहिले नभएर पछि हुने हुन्छ, पहिले भएर पछि नहुने पनि हुन्छ । तर आत्मा पहिले नभएको पनि होइन र पछि नहुने पनि होइन । आत्मा सधैं रहन्छ, एकनाश रहन्छ । अजर छ, अमर छ, सनातन छ ।

भगवान्‌ले गीताभित्र दुई ठाउँमा आत्मालाई स्पष्ट शब्दमा 'सनातन' बताउनु भएको छ । एउटा दोश्रो अध्याायको चौवीसौं श्लोकमा र अर्को पन्ध्रौ अध्ययको सातौं श्लोकमा । शरीर स्वभावैले विकारपूर्ण, परिणामी (बदलिने) र नाशवान् भएको हुनाले त्यसमा ती विकारहरू, ती वदलावहरू र ती विनाशका अवस्थाहरू आउँछन् । परन्तु आत्मा सधैं एकै रूपमा रहने हुनाले शरीर छुट्दा पनि आत्मा चाहिँ रहिरहन्छ ।

अर्जुनलाई आत्माको यो परिचय प्राप्त नभएर नै उनी बन्धुनाशको आशङ्काबाट युद्ध नगर्ने कुरा गरिरहेका थिए । धर्मरक्षाको लागि न्यायस्थापनाको लागि युद्ध गर्नु उनको कर्तव्य थियो । यसो नगरेमा कर्तव्य त्यागको दोष लाग्ने थियो । त्यसैले भगवान् आत्माको अमरता सम्बन्धी ज्ञान उनलाई प्रदान गरेर कर्तव्यपालनको निम्ति तयार पारिरहनुभएको छ ।

अर्जुन जीवन जगत्का प्रतिनिधि बनेर आत्मा विस्मृत अवस्थामा मोह र शोकमा अलमलिरहेका थिए । सच्चिदानन्दमय भगवान् आफ्नो सच्चिदानन्दमय अंशका रूपमा रहेको जीवात्मालाई स्वरूपको बोध गराउन यी मन्त्रमय शिक्षा प्रदान गरिहरनुभएको छ ।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ।२१।

अन्वयः हे पार्थ यः एनम्, अविनाशिनम्, नित्यम्, अजम्, अव्ययं वेद सः पुरुष, कथं कं घातयति कं हन्ति ?

सरलार्थः हे अर्जुन ! जसले यस आत्मालाई अविनाशी, नित्य, नजन्मिने र नघट्ने भनी बुझेको हुन्छ, त्यस पुरक्षले कसरी किन र कसलाई मराउँछ अनि कसलाई मार्दछ ?

भावार्थचन्द्रिकाः आत्मा कसैबाट मारिने कहिल्यै हुँदैन र आत्माले कसैलाई मार्ने काम पनि कहिल्यै गर्दैन । आत्मा सम्पूर्ण कृयाहरूबाट मुक्त हुन्छ । निर्लेप हुन्छ । त्यसैले को मार्ने र मारिने भयो भनेर शोक गर्न अनुचित हो भन्ने कुराको साथै भगवान्‌ले यहाँ एउटा गम्भीर कुरा बताउनु भएको छ । त्यो के भने जसले आत्माको वास्तविक स्वरूप चिनेको हुन्छ, जो पूर्ण ज्ञानवान् हुन्छ, ऊ कसैलाई मार्ने वा मार्न लगाउने मानसिकतामा कहिल्यै हुँदैन । ऊ त विवेकको उज्यालोमा शुद्ध मनले कर्तव्यपालन मात्र गर्दछ । त्यो कर्तव्यपालन भित्र कदाचित् मर्ने मार्ने प्रसङ्ग आइलागेछ

नै भने पनि त्यसको दोष लाग्दैन । किनभने कर्ता भोक्ता भावबाट माथि उठेर निर्मल मनले कर्तव्यपालन निम्ति भएका कर्महरू बन्धनकारी हुन सक्दैनन् ।

सर्वज्ञ, सर्वसाक्षी भगवान् श्रीकृष्ण यहाँ अर्जुनलाई मर्ने मार्ने काममा होइन कर्तव्यपालनमा प्रेरित गरिरहनु भएको छ । धर्म र न्यायको संस्थापनाको महान् लक्ष्यका सामु विचलित नहुन अर्जुनलाई सचेत तुल्याइरहनुभएको छ ।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।२२।

अन्वय- नरः यथा जीर्णनि वासांसि विहाय अपरानि नवानि गहृवाति तथा देही जीर्णनि शरीराणि विहाय अन्यानि नकानि संयाति ।

सरलार्थ- मानिसले जसरी पुराना लुगा त्यागेर अरू नयाँ लुगा पहिरिन्छ, त्यस्तै जीवात्माले जीर्ण भइसकेका शरीरहरूलाई छाडेर अरू नयाँ शरीरहरूतिर लाग्दछ ।

भावार्थचन्द्रिका- यहाँ एउटा ध्यान नदिइनहुने कुरा के छ भने मानिसले पुराना लुगा त्यागेर नयाँ लुगा पहिरिएझैं जीवात्माले पनि जीर्ण शरीरहरूलाई त्यागेर नयाँ शरीर धारण गर्दछ भनिएको छ । तर मर्ने जति सबै बुढा जीर्ण शरीर भएका मात्र त हुँदैनन् । कति बाल्यावस्थामै मर्दछन् कति युवा भएर र कति प्रौढ अवस्था वृद्धावस्थामा पुगेर मर्दछन् । सबैका शरीर एकै प्रकारले जीर्ण त भएका हुँदैनन् । बालक, युवा मरे भने त्यसको कस्तो अर्थ लगाउने ? त्यहाँ त शरीर जीर्ण भइसकेको हुँदैन । यसको समाधान के भने, प्रारब्ध ज-जसको सकिन्छ ती ती शरीर जीर्ण शरीर मान्न सकिन्छ । त्यसैले बालक अथवा युवा नै मरे पनि प्रारब्ध सकिएको हुनाले ती शरीरहरू जीर्ण नै हुन् । अर्को कुरा यहाँ देही भनेर जीवात्मालाई एक वचनमा राखेर संझाइएको छ, तर शरीरलाई चाहिं 'शरीराणि' भनी वहुवचन प्रयोग गरेर वताइएको छ । यस्तो किन भएको भने आत्मदर्शन गरेर भवबन्धनबाट मुक्त नहुन्जेलको जीवात्माले अनेकौं शरीरमा चाहारिरहनु पर्ने हुन्छ । यसैको संकेत यहाँ वहुवचनद्वारा गरिएको छ ।

यहाँ अर्को एउटा मननीय कुरा के पनि छ भने वस्त्र त पुरानो त्यागेर नयाँ धारण सजिलै गरिन्छ । किनभने मानिस वस्त्र धारण गर्नमा स्वतन्त्र हुन्छ । तर शरीर त लुगा फेरेझैं चाहेजस्तो रोजेर फेर्न पाइन्न । त्यहाँ त आफ्नो कर्म अनुकूल शरीरमात्र प्राप्त हुन्छ, त्यसलाई स्वीकार्न पर्ने हुन्छ । त्यसैले लुगालाई फेर्ने कुरा बताउँदा गृह्णाति पद प्रयोग गरिएको छ र शरीर फेरिने कुरा बताउँदा चाहिं संयाति क्रिया पदको प्रयोग भएको छ । त्यसैले आफ्नो कर्मको फलस्वरूप जस्तो शरीर उसलाई प्राप्त हुन्छ त्यस्तैमा ऊ जान्छ, भन्ने आशय यहाँ प्रष्ट प्रतीत हुन्छ ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।२३।

अन्वय- एवं शास्त्राणि न छिन्दन्ति । एवं पावकः न दहति । एनेम् आपः नक्लेदयन्ति । मारुतः न शोषयति ।

सरलार्थ- यस आत्मालाई शस्त्रहरूले काट्न सक्दैनन् । आगोले डढाउन सक्दैन । पानीले भिजाउन र हावाले सुकाउन पनि सक्दैन ।

भावार्थचन्द्रिका- यहाँ पाँच महाभूत- पृथ्वी, पानी, तेज, वायु र आकाशमध्ये आकाशलाई छोडेर अरू ४ तत्त्वको नाउँ लिएर तिनले आत्मालाई कहिल्यै प्रभावित तुल्याउन नसक्ने कुरा बताइएको छ । शस्त्रहरूले पृथ्वी तत्त्वको प्रतिनिधित्व गर्दछ । अनि पानी, तेज र वायुको नामै लिएर भनिएको छ । तात्पर्य कदाचित् वारुणास्त्रले शरीर भिजाए पनि त्यो आत्मासम्म पुग्न नसक्ने भएकोले आत्मालाई भिजाउन सक्दैन । त्यसैगरी सूक्ष्म आत्मसत्तासम्म पुग्ने शक्ति नभएकोले अग्निले आत्मालाई डढाउन सक्तैन । अग्निशास्त्र नै प्रयोग भए पनि आत्मालाई डढाउन संभव हुँदैन । त्यस्तै वायव्य अस्त्रनै प्रयोग भए पनि शरीरलाई सुकाइएला तर आत्मालाई कुनै हालतमा सुकाउन संभव हुन्न । यस श्लोकमा त्यसैको स्पष्ट उल्लेख भएको छ ।

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ।२४।

अन्वय- अयम् अच्छेद्यः, अयम् अदाहृय, अष्लेद्यः अशोष्य एव च । अयं नित्यः । सर्वगत ? स्थाणु, अचलः सनातन ।

सरलार्थ- यो आत्मा काटेर नकाटिने, डढाएर डढाउन नसकिने, भिजाएर भिजाउन नसकिने खालको

छ। यो आत्मा नित्य सर्वव्यापक, स्थिर, अचल र सनातन छ।

भावार्थचन्द्रिका- जो नित्य छ, सनातन छ, त्यसलाई यस सृष्टिभित्रको कुनै पनि विनाशक तत्त्वले नष्ट गर्न सक्दैन। आगो, पानी, हावा, कुनै अस्त्रशस्त्रले कहिल्यै पनि आत्मालाई नोक्सानीमा पार्न सक्दैन। यो सम्पूर्ण दृष्य प्रपञ्च अनित्य छ। तर आत्मा चाहि नित्य छ। कुनै समय थियो, अहिले छैन भन्ने पनि यो आत्मामा मिल्दैन अहिले छ भरे रहने छैन भन्ने पनि आत्मामा मेल खाँदैन। यो पहिले पनि थियो, अहिले पनि छ र पछि पनि रहिरहनेछ। संसारका सबै वस्तु आ-आफ्नो सीमावद्ध रूपभित्रै रहन्छन्। तर आत्मा चाहि सर्वगत छ, सर्वत्र छ, चाहे आफ्नै गतिले होस् चाहे कसैको प्रयत्नबाट होस् संसारका सबै दृश्य पदार्थ आउने र जाने हुन्छन् तर यो आत्मा चाहिँ एकै ठाउँमा रहिरहन्छ। यसले आउने जाने क्रिया कहीँ पनि र कहिल्यै पनि हुँदैन। संसारमा देखापर्ने सबै स्थूल पदार्थहरू चलायमान, हल्लिने, भत्किने, बग्ने, कम्पित हुने जस्ता क्रियाकलापहरूसँग गाँसिएका हुन्छन्। परन्तु आत्मा अविचल छ। अटल र अचल छ। यो आत्मा सनानन छ। सनातन शब्दले सधैं रहने सर्वत्र रहने छ। त्यसैले यसको विनाश कहिल्यै नहुने हुनाले यसलाई लिएर शोक गर्नु नितान्त अनुचित छ। क्रमशः

चैत महिनाका पर्व तथा विदा

१ मीन सङ्क्रान्ति/विश्व उपभोक्ता अधिकार दिवस
४ पापमोचनी एकादशी व्रत,
६ विश्व मुख स्वास्थ्य दिवस/अन्तर्राष्ट्रिय खुशी दिवस
७ घोडेजात्रा, देवपत्तनमा बत्सलेश्वरी/बज्रेश्वरी रथयात्रा
८ तेल लगाउने र नीमको पात खाने दिन/विश्व जल दिवस
९ विश्व मौसम दिवस
१० मत्स्य जयन्ती व्रत/गौरी व्रत/विश्व क्षयरोग दिवस
१५ श्री श्वेत मत्स्येन्द्रनाथ रथ यात्रा/चैते दशैं (अष्टमी)
१६ श्री राम नवमी व्रत/विश्व नेवाः दिवस
१७ कामदा एकादशी
१९ कामदा एकादशी व्रत
२० सोम प्रदोष व्रत
२१ महावीर जयन्ती
२३ हनुमान जयन्ती व्रत/बैशाख स्नान प्रारम्भ
२४ विश्व स्वास्थ्य दिवस

नगरवासीलाई हार्दिक अनुरोध !

१. व्यक्तिगत घटना- जन्म, विवाह, वसाईसराई सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं।
२. खुल्ला स्थानमा फोहोर फाल्ने ढल मिसाउने जस्ता कार्यहरू नगरौं।
३. ऐतिहासिक सम्पदा जस्तै धारा, पाटि, पौवा तथा अन्य धार्मिक महत्त्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं।
४. कुनै पनि स्थायी संरचना बनाउँदा नगरपालिकाको अनिवार्य नक्सा स्वीकृति लिई निर्माण गरौं।
५. जग्गा प्लटिंग गर्नु पूर्व प्लाटिंगकर्ताहरूले अनिवार्य रूपमा नगरपालिकाबाट मापदण्ड पुरा गरी प्लटिंग परमिट लिएर मात्र काम गरौं।
६. सम्पदा वस्तीमा भवन निर्माण गर्दा सांस्कृतिक ढाँचामा निर्माण गरौं।
७. आफ्नो टोल, आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं। घर अगाडिको फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं।
८. समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं।

चन्द्रागिरी नगरपालिका
बलम्बु, काठमाडौं

ॐ बुद्धाय महते नमः
महात्मा बुद्धलाई प्रणाम छ

प्रा.डा. ऋषिराम पोखरेल

राजपुत्रेण बुद्धेन भ्रमता राजवर्त्मनि।
दृष्टो वृद्धो जनः कश्चित् तथा रोगी च दुःखितः ॥१॥
मृतं दृष्टा जनं चैव तन्मूलं ज्ञानमिच्छता।
रात्रौ सुप्तं सुतं जायां परित्यज्य विनिर्गतम् ॥२॥
राजसौख्यं परित्यज्य संसारहितकाम्यया।
पैप्पलं वृक्षमाश्रित्य तपस्तप्त्वा विचिन्तितम् ॥३॥

अर्थ- राजा शुद्धोदनका एकमात्र सुपुत्र युवराज बुद्धले राजमार्गमा घुम्दा कुनै दिनमा एकजना बूढो, एकमाग्ने रोगी र एउटा मुर्दा देख्नु भयो र त्यसको कारण जान्ने इच्छाले गर्दा आफूसँगै सुतेका छोरा र रानीलाई छोडी संसारको हितको चाहना लिई राजकीय सुखभोग परित्याग गरेर पिप्पलको फेदमा बसी भोक् भोकै कठोर तपस्या गरेर विचार गरी रहनु भयो ॥१-३॥

संसारे वर्तते दुःखं दुःखहेतुश्च वर्तते।
उपायो दुःखनाशे तच्च कर्तुं हि शक्यते ॥४॥
अहिंसाव्रतमाश्रित्य सुख शान्तिश्च लभ्यते
इत्यार्य सत्यं विज्ञातं तेनासौ बुद्धतां गतः ॥५॥

अर्थ- संसार दुःखमय छ, दुःखको कारण पनि छ । दुःख नाशगर्ने उपाय छ । दुःखनाश हुन्छ । अतः अहिंसा व्रतमा रही असंग्रही भिक्षु बनेमा सुख र शान्ति प्राप्त गर्न सकिन्छ । यी आर्य सत्य मानिएका चारवटा तथ्यकुराको बोधि (ज्ञान) प्राप्त गरेका हुनाले महात्मा बुद्ध भगवान् बुद्ध बन्नु भयो ।

स्वयं राजसुखं त्यक्त्वा निर्वेदहेतिरूपिणा।
वृक्षमूलमुपाश्रित्य तपस्तप्त्वा समर्जितम् ॥६॥
आर्यसत्य शीलगुणं अङ्गस्कन्धसमन्वितम्
अहिंसाव्रतरूपेण बुद्धधर्मं अशिक्षयत् ॥७॥

अर्थ- आफूलाई स्वतः प्राप्त भएको राजकीय सुखभोग गर्न छोडेर भगवान् बुद्धले वैराग्य लिई पीपलको फेदमा बसेर तपस्या गरी प्राप्त गर्नुभएको आर्यसत्य पञ्चशील, अङ्गस्कन्ध सहितको अहिंसाव्रतका रूपमा बुद्ध

धर्मको प्रचार प्रसार गरी शिक्षा (उपदेश)) दिनुभयो ॥ ६-७ ॥

तेनोपदिष्ट लोकानां हिताय बोधिमाश्रय।
बुद्धो भूत्वां लप्स्यसे त्वं, संसारे शान्तिमुत्तमाम् ॥८॥
संसारदुःखनाशाय प्रथमं संग्रह त्यज।
अहिंसा व्रत माश्रित्य भिक्षुकत्वं समाश्रय ॥९॥

उहाँ (महात्मा बुद्ध)ले लोककल्याणको बाटो देखाउँदै भन्नुभयो "हे मानव ! बोधि (ज्ञान) को आश्रय

लिएर बुद्ध बन, यसो गरेमा उत्तम सुख र शान्ति पाउने छौ । यसका निम्ति संसारिक दुःखको पहिलो कारण बनेको संग्रह गर्ने बानीलाई त्याग । अहिंसक भएर भिक्षुक बन । ॥८-९॥

उहाँले अगाडि भन्नुभयो–

धर्मस्य शरणं गच्छ भिक्षुधर्मं समाश्रय
संघस्य शरणं गच्छ, सेवा कुरू निरन्तरम् ॥१०॥
एतानि त्वां प्रयच्छन्ति सुखं शान्तिं च सर्वदा ।
तस्माद् बुद्धस्य शरणं गच्छ दुःखात् प्रमुच्यसे ॥११॥

अर्थ– हे मानव हो ! धर्मको शरणमा जाऊ, संघको शरण जाऊ, अनि बुद्धका शरणमा जाऊ, यी त्रिरत्नले दुःखबाट मुक्तपारी सधैं तिमीलाई सुख शान्ति प्रदान गर्नेछन् ॥१०–११॥

अद्य विश्व हिंस्रकैश्च तस्करैश्चास्ति दुःखितम्
तस्मान्मुक्ति सदा प्राप्तुं त्रिरत्नशरणं ब्रज ॥१२॥
धर्मो धारयते विश्वं संघ शक्तिं प्रयच्छति
बुद्धो मोचयते दुःखात्, त्रिरत्नं स्मर सर्वदा ॥१३॥
विश्वशान्तिप्रदो देवो नेपालपुत्रतां गतः ।
अहिंसा गुरवे तस्मै बुद्धाय महते नमः ॥१४॥

अर्थ– आजको विश्वमानवलाई हिंस्रक र तस्कर हरूले धेरै दुःखी बनाएका छन् । त्यस दुःखबाट सधै मुक्ति पाउनको निम्ति त्रिरत्नका शरणमा जाऊ, किनभने धर्मले विश्वको रक्षा गर्दछ संघले शक्ति प्रदान गर्दछ र बुद्धले दुःखबाट छुटकारा दिई सुख र शान्ति प्रदान गर्दछन् । यसकारण सधैं यी त्रिरत्नको महत्त्वलाई सम्झी राख । यसरी आजको अशान्त र दुःखी मानव जगत्लाई सुख शान्तिको सन्देश दिनका निम्ति महात्मा बुद्ध नेपालका छोरा बन्नुभयो । अतः ती महान् देवता भगवान् बुद्धरूपी महामानवलाई नमस्कार छ ॥ १२–१४ ॥❖

– गोकर्णेश्वर न.पा-१ सुन्दरीजल, काठमाडौ

स्टक सीमित छ !

अब अठार वटै पुराणहरुका सार संक्षेप नेपाली भाषामा प्रकाशन भइसकेका छन् । यदि यहाँहरुलाई पुराणहरुमा के छ भन्ने जिज्ञासा उत्पन्न भएको छ, बुझ्न चाहनुहुन्छ भने तुरुन्त सम्पर्क गरी आफ्नो प्रति सुरक्षित गर्नुहुन अनुरोध छ । स्टक सीमित भएको हुँदा यथाशीघ्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ । साथै हामीसँग अन्य जीवनोपयोगी धार्मिक पुस्तकहरुसमेत उपलब्ध छन् ।

सम्पर्क ९८५१०३०९७२



मुक्तिको सात सोपान

-सहप्रा. डा. बिनु बाबा अर्याल

ब्रह्म वैदिक परम्पराको त्यो सैद्धान्तिक सम्पत्ति हो जसले आधारभूत वा अनन्त सत्यको प्रतिनिधित्व गर्दछ। यो ब्रह्माण्डलाई जन्माउने सर्वव्यापी एवम् आधारभूत नियम सिद्धान्त र पदार्थको मूल श्रोतलाई वैदिक परम्परामा ब्रह्म नाम दिइएको छ । यसको जन्मदाता र यसका सम्पूर्ण अवयवहरू (पूर्ण सिंगो)को चरित्र निर्धारित गर्ने आधारभूत तत्त्व मानिने ब्रह्मलाई नै सबै चैतन्य प्राणीहरूको आदि श्रोत मानिन्छ। यही निरञ्जन निराकार ब्रह्म हो। जसलाई केवल ब्रह्मज्ञानको आँखाले मात्र देख्न सकिन्छ । त्यसैले वेदका अनेक स्थानहरूमा यस्तो वर्णन गरिएको छ कि ईश्वरको कुनै आकार छैन । ईश्वर निराकार हुन्छ, ईश्वर तेजोमय हुन्छ। आकार भिन्दाभिन्दै भए पनि सबै प्रकारको आकारहरूमा ईश्वर तत्त्व एउटै हुन्छ- अनेक रूपरूपाय विष्णवे प्रभविष्णवे ।

गीतामा भगवान् श्रीकृष्णले भन्नुभएको छ कि- मयि सर्वमिदं प्रोक्त सूत्रे मणिगण इव। आकार भिन्न भिन्न भए पनि सबैमा रहनेवाला ईश्वरको कुनै एक आकार निश्चित हुँदैन। यसैले भगवान्लाई निराकार भनिन्छ।

हाम्रो सनातन धर्ममा देव अनेक छन् । तर ईश्वर अनेक छैनन् । एउटै ईश्वरले अनेक रूप धारण गर्दछन् । हातमा जब धनुष बाण धारण गर्दछन्, मानिसहरू उनलाई 'श्रीराम' भन्दछन् । त्यही परमात्मा बाँसुरी हातमा लिन्छन् तब मानिसहरू भन्दछन्- 'मुरली मनोहर श्रीकृष्ण' । यही कन्हैया पीताम्बर फ्याकेर र बाघाम्वर ओढेर जव बस्दछन्, त्यस बेलामा उनीहरू भगवान् शङ्कर भन्दछन् । देव अनेक छन् परमात्मा एक छन् । एउटा परमात्माले अनेक स्वरूप धारण गर्दछन् । एउटा व्यक्ति पनि दिनको धेरै पल्ट वस्त्र फेर्दछ । र वस्त्र फेर्दैमा ऊ त फेरिँदैन । ऊ त जस्ताको त्यस्तै हुन्छ ।

श्रीराम निर्गुण निराकार हुनुहुन्छ, श्रीराम सगुण साकार पनि हुनुहुन्छ । तत्त्व दृष्टिबाट दुईवटा भिन्दाभिन्दै छैनन् निर्गुण- निराकार ब्रह्म र सगुण ब्रह्म । परमात्मा सबैको भित्र विराजमान हुनुहुन्छ। उहाँ प्रकाशमान हुनुहुन्छ। उहाँ आफ्नो स्वरूपलाई छोप्नु हुन्छ। आँखाद्वारा देखिंदैन। केवल बुद्धिले मात्र महसूस गर्दछ । निराकार ब्रह्म सर्वव्यवापक छ । कसैलाई आकर्षण गर्दैन । निग्रह पनि गर्दैन । अनुग्रह पनि गर्दैन। त्यो त श्रीकष्णले गर्नुहुन्छ। श्रीरामले गर्नुहुन्छ,

श्रीविष्णुले गर्नुहुन्छ ।

लीलाको निम्ति निराकार ब्रह्म नै साकार स्वरूप धारण गर्दछ । निर्गुण ब्रह्मले सगुण लीलाको शरीर धारण गर्दछ र अनेक प्रकारको लीला गर्दछ । जुन लीलाहरूले यस जगत्लाई दिने मुक्तितर्फको ज्ञान रामायणको मुख्य कथाको उद्देश्य हो । अतः रामायणको सात खण्डलाई मुक्तिको सात सोपानको सन्दर्भमा लिन सकिन्छ ।

१. बालकाण्ड

भक्तिमार्गमा अगाडि बढ्नु भनेको बालक जस्तो बन्नु हो । यसका लागि बालक नै बन्नु पर्दछ । अर्थात् जसको मन बालक जस्तो सफा, कुनै दाग नभएको स्वच्छ, स्वच्छन्द भएर रहेको हुन्छ, जो निर्दोष छ, दोष रहित विकार रहित वासना रहित, मान अपमान रहित, मोह रहित छ ऊ नै भगवान्‌को प्रिय हुन्छ । अतः भगवान्‌लाई भक्त मन पर्दछ । बालक जस्तो निर्दोष निर्विकारी रहन सक्यो भने रामको स्वरूप चिनिन्छ । रामलाई हृदयमा राख्ने हो भने, रामको सानिध्यमा जाने हो भने, रामको प्रिय बन्ने हो भने हृदयबाट बालक बन्नु नै पर्दछ ।

बालकाण्डले हामीलाई मन, बचन र कर्म एक हुनु पर्दछ । तब भक्तिमा आनन्द आउँछ । जसको मन, बाणी र क्रिया एक हुन्छ, मनमा जे छ, त्यही बाणी आउँछ, उसले गर्ने क्रिया पनि उस्तै हुन्छ भन्ने शिक्षा दिन्छ ।

२. अयोध्याकाण्ड

बालकाण्ड पछि अयोध्याकाण्ड आउँछ । जसको मन बालक जस्तो हुन्छ, उसको शरीर अयोध्या जस्तो हुन्छ । अयोध्या अर्थात् जहाँ युद्ध हुँदैन । विषमता, स्वार्थको भावना, कलह, भगडा, द्वेष हुँदैन । त्यो ठाउँ अयोध्या हुन्छ । जब कैकेयीको मनमा विषमभाव या स्वार्थले जरा गाड्दछ र उनको अभिव्यक्ति त्यसतर्फ उत्पन्न हुन्छ, रामले अयोध्या छोडिदिन्छन् ।

अयोध्याकाण्डले ज्ञान सिकाउँछ । वैरीरहित बन्न, कसैसँग पनि वैरको भावना नराख्न यसले अर्ति दिन्छ । यहाँ न कोही कसैको शत्रु हो र छ, न कोही कसैको मित्र हो र छ । केवल कर्मको फलले मात्र मित्र, शत्रु बनाउँछ । जसले जन्म जन्मबाट पापका संस्कार बोकेर आएको छ भने उसले जरूर भोग्नु पर्दछ । पाप भोग्न नै जन्म लिएर आएको हो, जसले पाप गरेको छैन भने ऊ त प्रभुको चरणमा रहन्छ, उसले जन्म लिनु पर्दैन ।

यहाँ कोही कसैको शत्रु नहुने हुनाले युद्धको आवश्यकता छैन । सत्यको सम्वन्ध मात्र एक परमात्मासँग छ । राम्रो भएर रहेको रामसँग मात्र छ र जहाँ विकार वैर आदि दूषित तत्त्वहरू केही छैन ।

अयोध्याकाण्डले अर्को पनि शिक्षा दिन्छ । हामीले सरयू अर्थात भक्तिको किनारामा रहनु पर्दछ । भक्तिको किनारामा रहेमा युद्ध हुँदैन । जो भक्तिको किनारामा रहन्छ, ऊ निर्वैर रहन्छ । कथाको पूर्णाहुति हुन्छ तर भक्तिको पूर्णाहुति कहिल्यै हुँदैन । भक्ति त जीवनको अन्तिम श्वाससम्म रहन आवश्यक छ । त्यसको लागि भक्तिको चाह हुनु जरूरी छ ।

सम्पूर्ण जीवन श्रीरामको स्मरणमा, उनको भक्तिमा बितेको जीवनले अन्तिममा श्रीरामको स्मृतिलाई बलियो बनाएर रामलाई भक्तको छेउमा आउनै पर्ने बनाउँछ । मनलाई ईश्वरको सतत् स्मरण गर्नको लागि जप वाहेक अर्को कुनै साधना छैन । जिब्रोले प्रभुको नाम जपोस्, मनबाट प्रभुको स्मरण रहोस् । जपको, भजनको, भक्तिको पूर्णाहुति नहोस् ।

अयोध्याकाण्डमा कुनै लोभ देखिंदैन । रामलाई राज्यको लोभ छैन । भाइको सुखको लागि खुशीको साथ राम बन जानुभयो । राज्य भरतको हातमा गयो । उनमा पनि लोभ थिएन । उनले आफूलाई दाइको खराउ राखेर निमित्तको भावबाट शासन सम्हाले । राम वनमा जानुभयो । जहाँ गुह्य राजाले आफ्नो राज्य रामलाई दिए तर रामले अस्विकार गर्नुभयो ।

३. अरण्यकाण्ड

यस काण्डबाट यो शिक्षा मिल्दछ कि विस्तार विस्तार संयम बढाएर वासनालाई विनाश गर्नुपर्दछ । मानिसलाई दुःख दिने नै वासना हो । श्रीरामले वशिष्ठलाई भन्नुभएको छ, सुरवीर त्यो हो जसले शरीररूपी समुद्रमा उठेको मनको तरङ्गहरूलाई मनको इच्छा, आकांक्षा, विकार वासनाहरूलाई संयमबाट हटाउन सकोस् । जो संयमी हुन्छ, त्यो नै सुरवीर हुन्छ, पराक्रमी हुन्छ, जो वासनाको अधिनमा हुन्छ, उसले संसारमा हार्दछ, यो लोक र परलोक दुवै बिर्सन्छ । वासनाहरूको जति भोग गरे पनि तृप्ति

कहिल्यै हुँदैन । वासना बढेर नै जान्छ । आगोमा घिउ हालेको जस्तै गरी । विवेक र संयमबाट नै वासना शान्ति हुन्छ । जीवन जब सन्तोष र संयमित, सदाचारयुक्त हुन्छ तव मन शुद्ध हुन्छ र भक्तिमा आनन्द आउँछ ।

भक्ति गर्ने स्थानमा शुद्धिको पनि आवश्यकता पर्दछ । गृहस्थाश्रमको व्यवहार विषमताहरूबाट भरिएको हुन्छ । जबसम्म संसारको सम्बन्ध हुन्छ, त्यसवेलासम्म ब्रह्म सम्बन्ध हुँदैन । ब्रह्म सम्बन्ध बढाउन गृहस्थाश्रमबाट टाढिनु नै पर्दछ । संयम र सदाचार बढाएपछि वासनाहरू

नाश हुन्छन् । मन शुद्ध हुन्छ र भक्तिमा आनन्द आउँछ । यसका लागि कुनै पवित्र तीर्थमा, सतसंगतमा, एकान्तवासी भएर रहनु पर्दछ ।

वासना अज्ञानबाट जागृत हुन्छ, अज्ञानको नाश गर्नलाई ज्ञान नै समर्थ छ । सकाम कर्म छैन, किनभने अज्ञानबाट उत्पन्न हुने कर्म त्यसको विरोधी हुन सक्दैन । सकाम कर्मद्वारा अज्ञानको नाश अथवा रागको क्षय हुन सक्दैन । तर त्यसबाट दोश्रो दोष कर्मको उत्पत्ति हुन्छ । त्यसबाट फेरि संसारको प्राप्ति हुनु अनिवार्य छ । त्यसैले बुद्धिमानले ज्ञान विचारमा नै तत्पर रहनु पर्दछ ।

संसारको मूल कारण अज्ञान नै हो । अज्ञानता परमात्माप्रतिको ज्ञानबाट अन्त्य हुन्छ । वासनाबाट पाप हुन्छ, पापको मूल नै अज्ञान हो । संसारमा रहेर पतन हुने होइन संसारलाई मनमा राख्नेले पतन हुने हो । वासनाले मानवलाई भववन्धनमा धकेल्छ । संसारमा पक्डेर राख्ने जन्जिर हो जो वासनाको नियन्त्रणबाट छुट्दछ ।

अरण्यकाण्डमा शूपर्णाखा, जो वासना एवम् मोह हुन् भने शवरी शुद्ध भक्ति हुन् । अतः रामले वासनालाई त्यागेर भक्तिलाई अपनाएको यिनीहरूको प्रसंगबाट प्रष्ट हुन्छ ।

श्रीराम पूर्ण यौवनमा वनमा जानुभएको थियो । वनमा जान, तीर्थमा जान वृद्धावस्थामा नै पुग्नु पर्दछ भन्ने होइन । शरीर तन्दुरूस्त बलियो हुँदा नै भगवान्लाई सम्झने हो । उनलाई प्राप्ति गर्ने बाटोतर्फ अग्रसर हुने हो । संयमित सदाचारी जीवन जिउने हो । शरीर कमजोर या दुर्बल भएपछि संयम सदाचारिता बढाउनुको कुनै अर्थ छैन । वनमा प्रवेश गर्दा रामको उमेर २६ वर्ष थियो, सीताको उमेर १८ वर्षको थियो ।

अरण्यकाण्डले बताउँछ कि वासनालाई विनाश गर्न थोरै दिनको लागि भए पनि वनमा याने एकान्तमा रहेर भगवान्को स्मरण गर्नु पर्दछ । तव वासनारूपी विकारको नष्ट हुन्छ ।

४. किष्किन्धा काण्ड

यस काण्डमा श्रीरामको सुग्रिवसँग मित्रता हुन्छ । जसको कण्ठ (घाँटी) सुन्दर हुन्छ उसको नाम सुग्रीव हो । कण्ठको शोभा आभूषणबाट हुँदैन प्रभुको नाम जपबाट हुन्छ । जव प्रभुको नामको जप गर्दछ तव प्रभुको साथ मित्रता हुन्छ । जीव र परमात्माको मित्रताको कथा किष्किन्धा काण्डमा हुन्छ । जीव सुग्रीव हो, राम परमात्मा हो । जीव परमात्मासँग तव मिल्दछ जव उसले वासना, काम या विकार छोड्दछ । सच्चा सुख राम हो, काम विकार हो । गीतामा भगवान् श्रीकृष्णले भन्नुभएको छ– जहि शत्र् महवाहो कामरूप दुरासदूम । (तिम्रो शत्रु बाहिर छैन, तिम्रो मनमा तिम्रो आँखामा रहने काम तिम्रो शत्रु हो । उसैले तिमीलाई रूवाउँछ, तिम्रो जन्ममरणको कारण बन्दछ, कामरूपी शत्रुलाई मार) ।

सुग्रीवले रामसँगको मित्रता हनुमानको सहायताबाट

गरे जो ब्रह्मचर्यको स्वरूप हो । ब्रह्मचर्यको बल मिलेपछि जीव ईश्वरसँग मित्रता गाँस्दछ । ब्रह्मचर्यले जीवनलाई एकाग्रतामा अडिग गराएर भक्तिमा लीन गराउँछ । राम र काम एक स्थानमा रहन सक्तैन ।

रावणसँग दश टाउको हुनुको अर्थ हो हामीसँग दश ईन्द्रियहरू रहन्छन् । सबैलाई रूवाउने भएकोले उसको नाम रावण भएको हो । कालले जीवलाई रूवाउँछ, राम जस्तो निर्विकारी बनेपछि रावणरूपी काम मर्दछ । काम मेरपछि राम प्राप्त हुन्छ ।

भागवत्मा बताइएको छ, कृष्ण कंश एउटै स्थानमा रहन सक्दैनन् । जव दुवैको भेट एकैपल्ट भयो त्यही समयमा कंशको अन्त्य भयो । रावण काम हो, कंश काम हो । काम र ईश्वर एकै साथ रहन सक्तैन । जसरी अन्धकार र प्रकाश एकै स्थानमा रहन सक्तैन ।

५. सुन्दरकाण्ड

जीवन उसैको सुन्दर हुन्छ जो निष्काम हुन्छ, जो परोपकारको लागि जीवित हुन्छ, जो परमात्माको लागि जीवित हुन्छ । आफ्नो लागि बाँच्नु, कुटुम्वको लागि बाँच्नु त पशु धर्म हो । कुटुम्वको पोषण गर्न त कागलाई पनि आउँछ, उसले कुनै खानेकुरा देख्यो भने आफ्नो जातिलाई बोलाउँछ । कुटुम्वको पोषण गर्नको लागि मात्र जीवन होइन । परोपकारको लागि बाँच्नु नै जीवन हो ।

सुन्दर काण्डमा हनुमानले समुद्र नाघेर लङ्कामा गएर सीताको दर्शन गरेको उल्लेख छ । समुद्र उल्लंघन गर्न सक्ने शक्ति केवल हनुमानलाई मात्र छ । हनुमानलाई यो दिव्य शक्ति ब्रह्मचर्य र रामनामको कारणले प्राप्त भएको हो ।

देवी सीता पराभक्ति हुन् । जहाँ पराभक्ति छ, त्यहाँ शोक रहन सक्तैन । त्यसैले सीता जहाँ रहन्छिन् त्यसलाई अशोक बाटिका भनिन्छ । परमात्माद्वारा जीवलाई अपनाएपछि जीवलाई शोक र मोह दुवै हुँदैन । पराभक्तिलाई दर्शन गर्न हनुमान लङ्का गए । लङ्का शब्दको उल्टो काल हुन्छ । सबैलाई मार्ने काललाई हनुमानले जलाउँछन्, मार्दछन् । तर हनुमानलाई कालले मार्न सक्तैन । पराभक्तिको दर्शनको फल हो । हनुमानको जीवन भक्तिमा छ । त्यसैले यो सुन्दर छ । समुद्र उल्लंघन गर्ने समयमा हनुमानलाई सुरसाले तर्साएको प्रसङ्ग छ । पूरा रस आवदनको वासनाले जीब्रो नै सुरसा बन्दछ । हनुमानले सुरसालाई हराए । संसार सागरलाई जसले उल्लंघन गर्नु छ उसले सुरसालाई जीत्नु नै पर्दछ । जिब्रोलाई वशमा राख्नु नै पर्दछ ।

६. युद्धकाण्ड

जसको जीवन सुन्दर छ उसले काम, क्रोध, लोभ, मोहरूपी राक्षसलाई मार्दछ । यी राक्षसहरूलाई नष्ट पारेपछि विकारहरू स्वतः नष्ट हुँदै जान्छन् । तव भक्ति प्राप्त हुँदै जान्छ । तर पनि विकार सबै जाँदैन । विकार अति सूक्ष्म रूपबाट पनि रहिरहन्छ । सतत् (हमेसा, अटूट क्रमले) भक्ति गरेपछि विकार पनि घट्दै जान्छ ।

वासनाका ६ दोषहरू (काम, क्रोध, लोभ, मोह, मद, र मात्सर्य) अज्ञानबाट उत्पन्न हुन्छ । रामको ६ गुणहरू- ऐश्वर्य, वीर्य, यश, श्री, ज्ञान र वैराग्य हुन् । रामको एकएक सद्‌गुणहरू मनुष्य स्वयंको हृदयमा बसेपछि एक एक गरेर वासनाहरूको दोश नाश हुन्छ । भगवान्‌मा पूर्ण तन्मय भएपछि यी सद्‌गुणहरू जीवनमा आउँछ । पराभक्तिको दर्शन भएपछि मात्र वासनाहरूको नाश हुन्छ ।

यसरी सुन्दरकाण्डमा जीवन भक्तिमय बनेपछि युद्धकाण्डमा राक्षसहरूको विनाश भयो । युद्धकाण्डपछि आउँछ उत्तरकाण्ड । उत्तरकाण्डमा राक्षसहरूको मरण हुन्छ तव उत्तर जीवन मङ्गलमय बन्दछ ।

७. उत्तरकाण्ड

जीवनको यौवनकालमा जसले कामलाई मार्दछ, तव उसको उत्तरावस्था सुखमय शान्तिमय बन्दछ । जीवनका पूर्वार्द्धमा विस्तार विस्तार संयम बढाएर जसले राक्षसहरूको संहार गर्दछ, उसलाई उत्तरावस्थामा ज्ञान र भक्ति प्राप्त हुन्छ । जव सूक्ष्म वासनाको पनि नाश हुन्छ तव 'आत्मा रामो विराजते' भगवान्‌को परम धाममा प्रवेश मिल्दछ, मुक्ति मिल्दछ ।

हाम्रो धर्ममा चार पुरुषार्थहरू हुन्छन्- धर्म, अर्थ, काम, मोक्ष । पहिलो धर्म हो, अन्तिम मोक्ष हो । धर्मको अर्थ लौकिक संसारबाट मानव जीवनलाई मोक्ष प्राप्त गर्ने साधन । सत्य, अहिंसा, दया र दान जस्ता धर्मका चार पाऊ (खुट्टा) छन् । त्यसैले धर्मले वन्धुत्व, सदाचार, सुसंस्कृतता, न्याय, र दीगो उन्नतितर्फ डोऱ्याउँदछ । धर्म र मोक्षको

बीचमा अर्थ र कामलाई राखिएको छ । अर्थ र काम यी दुवै धर्मको मर्यादामा रहेर प्राप्त गर्नु भोग गर्नु पर्दछ । सत्य मार्गको अवलम्वन गरेर धन कमाउनु भौतिक उन्नति गर्नु र श्री प्रतिष्ठा बढाउनु हाम्रो एउटा महत्त्वपूर्ण पुरूषार्थ हो । धर्मानुकुल अर्थ प्राप्त गरेपछि धर्मानुकुल कामको सेवन गर्नुपर्दछ । काम शब्दले प्रेम, इच्छा, आकांक्षा, कामना, वासना, रति जस्ता चाहनाहरू पूर्ति गर्ने भनेर जनाउँछ ।

मनुष्यको जीवनमा अर्थ र काम गौण हो । मोक्षले मुक्ति, आत्मज्ञान, ब्रह्मज्ञान, कैवल्य (भित्रवाट प्रस्फुटित आनन्द) हासिल गर्ने भनेर जनाउँछ । जव मानिसलाई वास्तविक सत्य के हो असत्य के हो भन्ने कुराको ठोस ज्ञान हुन्छ, उसका सबै प्रकारका अशान्तिहरू भ्रमहरू हटेर जान्छ । ऊ शान्तिको उच्च स्थितिमा पुग्दछ । धर्मोहि परमो लोके धर्मे सत्यं प्रतिष्ठितम् ।

खास गरेर रामायण वेद, पुराण तथा विभिन्न शास्त्रले मानव जीवनोपयोगी संहिता तयार गरी मानवलाई जीवन यापन गर्न सरल सरस होस् भनी धार्मिक ग्रन्थको माध्यमबाट समाजमा निक्षेप गरेको हो । आधुनिक राज्यमा मानवहरूको जीवनलाई अमन चयन कायम गर्न संविधान ऐन कानूनले व्यवस्था गरेको हुन्छ भने प्राचीन कालमा महात्मसिद्ध, सन्तहरू आफैंले अनुसरण गरी ती अनुसरणलाई इतिहास बनाई कीर्तिको रूपमा समाजलाई सुसूचित गर्ने गराउने परम्परा वैदिक कालदेखि नै विद्यमान थियो । सृष्टिकालमा भगवान् ब्रह्माजीको आज्ञानुसार वाल्मीकि मुनिले शतकोटि (सयकरोड) प्रमाण भएको श्लोकले युक्त रामायण लेखेर उक्त रामायण भगवान् शङ्करजीलाई सुनाउन शिवलोक जानुभयो ।

भगवान् शङ्करले उक्त रामायण (अर्थात् ३३ कोटि, ३३ लाख, ३३ हजार ३ सय ३३ श्लोक र १० अक्षर) लाई बरावर तीन भाग लगाएर एक भाग इन्द्रलाई स्वर्गमा प्रचार गर्न प्रदान गर्नुभयो । एक भाग मर्त्यलोकमा ऋषिमुनिहरूलाई प्रदान गरी मनुष्यलाई सुनाई प्रचार गर्न जिम्मा लगाउनु भयो र तीन भाग मध्ये एक भाग शेषजीलाई पातालमा प्रचार गर्न भनी प्रदान गर्नुभयो । तीन भाग लगाउँदा पनि उक्त रामायणको अझ दुई अक्षर बाँकी रहन गयो । तव भगवान्ले यो दुई अक्षर बरावर गर्न नपुग्ने र तीन भाग मात्रा पनि नलगाउनु भन्ने प्रचलन छ । तसर्थ यो दुई अक्षर म नै राख्दछु । मलाई यही दुई अक्षर मात्र भए पुग्दछ भनी देवता, ऋषि र नागहरूलाई आ-आफ्नो लोकमा जान विदा दिनुभयो । आफूले त्यस दुई अक्षरलाई हृदयमा धारण गर्नुभयो१ । मानिसको मानसिक क्रियाशीलताको सबभन्दा उच्चतम स्थिति भनेको ईश्वरत्व क्रियाशील हुनु हो । यसैलाई उजागर गर्न महर्षि वाल्मीकिले रामायणमार्फत विश्वलाई सन्देश दिनुभएको । ❖ – बत्तीसपुतली, काठमाडौं,

१. रामायण रहस्य– सुरेन्द्रप्रसाद सिग्देल, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २५–२६ ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

श्रीरामकृष्णाको मातृभक्ति ।

संकीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

भक्तगण कोठामा बसेका छन् । हाजरा बरण्डामा नै बसेका छन् ।

श्रीरामकृष्ण– थाहा छ, हाजरा के चाहन्छ ? केही रूपैयाँ चाहन्छ, घरमा ऋण लागेको छ, यसैले जप र ध्यान गरी बस्छ, भन्दछ ईश्वरले धन दिनुहुन्छ ।

एकभक्त– के उहाँले मनोरथ पूर्ति गरिदिनु हुन्न ?

श्रीरामकृष्ण– यो उहाँको इच्छा हो । तर प्रेमोन्माद नभई ईश्वरले सम्पूर्ण भार लिनुहुन्न । सानो बच्चाकै कुरा हेर न, हात समातेर खाना खुवाउन बसाउँछन् । ठूलालाई कसले दिन्छ ? उहाँको चिन्तन गर्दै–गर्दा स्वंय ऊ आफ्नो भार उठाउन सक्दैन, तब ईश्वरले उसको भार लिइदिनुहुन्छ ।

हाजरा स्वंय आफै घरको हाल खवर लिँदैन । हाजराको छोरोले रामलाललाई भनेको रहेछ । बाबालाई आउनु भनिदिनुहोस् न, हामी उहाँसँग केही माग्दैनौं । उसका कुरा सुनेर मेरा आँखा रसाएर आए ।

"हाजराकी आमाले पनि रामलालसँग भनेकी रहिछन् 'प्रताप (हाजरा)लाई एकचोटि घर जानू भनिदिनु । अनि आफ्नो काका (श्रीरामकृष्ण)लाई मेरो नाम लिएर भन्नू उसलाई घर जानू भनेर उहाँले भनिदिनू हुनेछ । मैले हाजरालाई घर जान भनैं उसले सुन्ने कान लगाएन ।

"आमाको स्थान कति उच्च छ, चैतन्यदेवले कति सम्झाउन परेको थियो, तब मात्र आमाकहाँबाट आउन सक्नुभएको थियो । शचीदेवीले भनेकी थिइन् यो केशव भारतीलाई पाए काटिदिन्छु । चैतन्यदेवले धेरैले सम्झाउनुभयो, भन्नुभयो, आमा जबसम्म हजुरले आज्ञा दिनुहुन्न, तबसम्म म जान्नँ, तर यदि हजुरले मलाई संसारमा राख्नुहुन्छ भने मेरो शरीर रहने छैन । अनि आमा जब हजुरले मलाई सम्झनु हुनेछ, त्यसै बखत म हजुरलाई भेट्नेछु । म हजुरका नजिकै बस्नेछु । कहिले–कहिले हजुरलाई भेट्न आउनेछु । तबै शचीले आज्ञा दिइन् ।

"जबसम्म आमा थिइन्, नारद तपस्या गर्न जान सकेका थिएनन् । आमाको सेवा गर्दथे नि । माताको देह छुटेपछि मात्र उनी साधनाको लागि निस्केका थिए ।

"वृन्दावन गएर फेरि त्यहाँबाट मलाई फर्केर आउन इच्छा भएन । गंगा आमासँग बस्ने विचार भयो । सबै ठीक भयो । एकापट्टि मेरो ओच्छ्यान लाग्नेछ, उतापट्टि गंगा आमाको लाग्ने छ, अब कलकत्ता फर्किन्नँ । केवटको अन्न अब अरू कति दिन खाऊँ ? तर हृदयले भन्यो, ' होइन तपाईँ कलकत्ता हिँड्नुहोस् ।' एकातिर हृदय तान्दथ्यो, अर्कोतिर गंगा आमा । मेरो चाहिँ बस्ने नै ठूलो इच्छा थियो, यसै बेला आमाको सम्झना आयो । बस् सबै कुरा उल्टियो । आमा बुढी हुँदै जानुभएको थियो । ठानैं आमाको चिन्ता गर्न लागो भने ईश्वर–फिश्वरको भाव सबै उड्ने छ । अतः आमाकै नजिक गएर बस्नु पर्दछ । त्यहीँ गएर ईश्वर चिन्तन गर्नेछु निश्चित भएर ।

(नरेन्द्रसँग) "तिमी अलिकति उसलाई सम्झाऊ न । मसँग त्यस दिन भनेको थियो । देश जाउँला तीन दिन बसेर आउँला । तर जहाँको त्यही ।

(भक्तहरूसँग) आज घोषपाडा–फोसपाडाका कस्ता नचाहिने कुरा भए । गोविन्द ! गोविन्द ! गोविन्द ! अब कोही ईश्वरको नाम लेओ । मासको दालपछि पायस लड्डू ।

नरेन्द्र गाउँदै छन्– निरंजन पुरातन पुरूष एउटै

छन् । अरे तँ उहाँप्रति आफ्नो चित्त लगाइदे । उहाँ आदिसत्य हुनुहुन्छ । उहाँ कारण (माया)को पनि कारण हुनुहुन्छ । प्राणरूपले उहाँ चराचरमा व्याप्त हुनुहुन्छ । उहाँ स्वतः प्रकाशित र ज्योतिर्मय हुनुहुन्छ । सबैको आश्रय हुनुहुन्छ । जसको उहाँप्रति विश्वास हुन्छ, उसैले उहाँको दर्शन गर्दछ । उहाँ अतीन्द्रिय भूमिमा रहनुहुन्छ, नित्य र चैतन्यस्वरूप हुनुहुन्छ । इत्यादि ।

नरेन्द्र अर्को एक गीत गाइरहेछन् । श्रीरामकृष्ण उठेर नाच्न लाग्नुभयो । उहाँलाई घेरेर भक्तहरू पनि नाचिर हेछन् । सबै जना एकसाथ कीर्तन गाउँदै नाचिर हेछन् । श्रीरामकृष्णले पनि एउटा गीत गाउनुभयो । मास्टरले पनि गाएका थिए । श्रीरामकृष्णलाई यस कुराले ठूलो खुसी लागेको छ ।

गीत भएपछि श्रीरामकृष्ण हाँस्दै मास्टरलाई भन्नुहुन्छ– "राम्रो खोल करताल बजाउन जान्ने भएको भए गीत अझ जम्थ्यो । ताक्ताक् ता धिना, दाक् दाक् दा धिना यस्तो बोल बज्थ्यो ।" कीर्तन हुँदा हुँदै साँझ पर्‍यो ।

परिच्छेद ९५

भक्तहरूका सँग कीर्तनानन्द

अधरको घरमा

आज आश्विन शुक्ल एकादशी हो । वुधवार १ अक्टुबर १८८४ ई. । श्रीरामकृष्ण दक्षिणेश्वरबाट अधरकहाँ आउनुभएको छ । साथमा नारायण र गंगा छन् । बाटोमा एक्कासि श्रीरामकृष्णलाई भावावेश भयो । श्रीरामकृष्ण भावावेशमा भन्दै हुनुहुन्छ– म माला जप्ने ? छि, यी शिव पाताल फोरेर निस्केका शिव हुन् । स्वयंभू लिंग ।

उहाँ अधरकहाँ पुग्नुभयो । त्यहाँ धेरै भक्तहरू एकत्रित भएका छन् । केदार, विजय, बाबुराम सबै आएका छन् । कीर्तनिया वैष्णवचरण आएका छन् । श्रीरामकृष्णको आज्ञा अनुसार सँधै अफिसबाट आउनासाथ अधर वैष्णवचरणको कीर्तन सुन्छन् ।

वैष्णवचरण बडो मधुर कीर्तन गर्छन् । आज पनि संकीर्तन हुनेछ । श्रीरामकृष्ण अधरको बैठक कोठामा जानुभयो । उहाँलाई देखेर भक्त–मण्डली उठेर चरण वन्दना गर्नलागे । श्रीरामकृष्णले प्रसन्नचित्त भई आसन ग्रहण गर्नुभयो । त्यसपछि उनीहरू पनि आ–आफ्नो आसनमा बसे । केदार र विजयले श्रीरामकृष्णलाई ढोगे । श्रीरामकृष्णले बाबुराम र नारायणलाई उनीहरूलाई प्रणाम गर्न अह्राउनु भयो र भन्नुभयो, "तपाईंहरू आशीर्वाद दिनुहोस् जसबाट यिनलाई भक्ति होस् ।" नारायणलाई देखाएर भन्नुभयो, "यो बडो सरल छ ।" भक्तहरू नारायण र बाबुरामलाई हेरिरहेछन् ।

श्रीरामकृष्ण– (केदार आदि भक्तहरूसँग) तिमीहरूसँग बाटोमा भेटघाट भयो, नभए त तिमीहरू कालीमन्दिर पुग्थ्यौ । ईश्वरेच्छाले भेट भयो ।

केदार (विनयपूर्वक) जो ईश्वरको इच्छा हो, त्यही हजुरको पनि इच्छा हो । (श्रीरामकृष्ण हाँस्नुहुन्छ ।)

भक्तहरूसाग कीर्तनानन्द

अब कीर्तन शुरू भयो, अभिसारबाट आरम्भ गर्दै रासलीला भनेर वैष्णवचरणले कीर्तन समाप्त गरे । अनि राधाकृष्णको मिलनगीत गाइयो । श्रीरामकृष्ण आनन्दले नृत्य गर्न लाग्नुभयो । साथ साथै भक्तहरू उहाँलाई घेरेर नाच्न गाउन लागे । कीर्तन भएपछि सबैले आसन ग्रहण गरे ।

श्रीरामकृष्ण (विजयसँग) यिनी निकै राम्रो गाउँछन् । यति भनेर उहाँले वैष्णवचरणलाई संकेतले भन्नुभयो । अनि गौरांगसुन्दर गाउन उनलाई भन्नुभयो । वैष्णवचरण गाउन लागे । गीत समाप्त भएपछि श्रीरामकृष्ण विजयलाई सोध्नुहुन्छ, कस्तो रह्यो ?

विजय– सुनेर त मलाई आश्चर्य लागिरहेछ ।

यसपछि धेरै बेरसम्म कीर्तनानन्द भैरह्यो ।

साकार निराकारको कथा । चिनीको पहाड

केदार र अरू केही भक्तहरू घर जान भनेर उठे । केदारले श्रीरामकृष्णलाई प्रणाम गरेर भने– आज्ञा भए त जाऔँ अब ।

श्रीरामकृष्ण– तिमी अधरलाई नभनी कसरी जान्छौँ ? अभद्रता हुँदैन ?

केदार– तस्मिन् तुष्टे जगत् तुष्टम् 'जब हजुर बस्नुभयो त सबै बसे । अहिले मेरो स्वास्थ्य पनि त्यति ठीक छैन र फेरि विवाह आदिका लागि केही डर पनि लागेको छ । समाज नै त हो, एक चोटि गडबड पनि भइसकेको छ । (अधर केदार भन्दा केही तल्लो जातका थिए । यसैले

केदार न ता अधरको घरमा, न अधरसँगै खान सक्थे ।)

विजय– के उहाँलाई छोडेर जाने ?

यसै बखत श्रीरामकृष्णलाई लिएर जान अधर आइपुगे । भित्र टपराहरू राखिसकिएको थियो । श्रीरामकृष्णका साथमा बसेर प्रसाद लिए ।

भोजनपछि श्रीरामकृष्ण एक चोटि फेरि बैठकमा आएर बस्नुभयो । केदार, विजय, आदि अरू भक्तहरू उहाँका चारैतिर बसे । केदारले हात जोडेर अत्यन्त विनयपूर्ण शब्दहरूमा श्रीरामकृष्णलाई भने– मैले आलटाल गरिरहेको थिएँ । मलाई क्षमा गरिदिनुहोस् ।

केदार ढाकामा काम गर्छन् । त्यहाँ धेरै भक्तहरू उनीकहाँ आउँछन् र उनलाई ख्वाउनका लागि सन्देश मिठाईका साथै धेरै किसिमका चीज बीजहरू लिएर आउने गर्छन् । यिनै सबै कुरा केदार श्रीरामकृष्णसँग भनिरहेछन् ।

केदार– (विनयपूर्वक) धेरै मानिसहरू खुवाउन भनेर खानेकुरा लिएर आउँछन् र म के गरूँ ? हजुर आज्ञा होस् ।

श्रीरामकृष्ण– भक्ति छ भने चाण्डालको अन्न पनि खान सकिन्छ । सात वर्षको उन्माद अवस्थापछि म त्यस देशमा (कामारपुकुर) गएँ । अब कस्तो कस्तो अवस्था थियो । वेश्याहरूले समेत खुवाएका थिए, तर अब त्यो सबै हुँदैन । केदार जान भनेर उठे ।

केदार– (मसिनो आवाजमा) महाराज, हजुरले मलाई केही शक्तिसंचार गरिदिनुहोस् । धेरै थरीका मनिस मकहाँ आउँछन्, मलाई के थाहा हुन्छ र ?

श्रीरामकृष्ण– ए । सबै हुनेछ, आन्तरिक भक्ति भए सब हुन जान्छ ।

केदार बिदा हुनुभन्दा अगाडि बंगवासी पत्रिकाका सम्पादक श्रीयुत योगेन्द्रले आएर प्रवेश गरे । श्रीरामकृष्णलाई प्रणाम गरी उनले आसन ग्रहण गरे । साकार निराकारको कुरा हुनलाग्यो ।

श्रीरामकृष्ण– उहाँ साकार हुनुहुन्छ, निराकार हुनुहुन्छ र थाहा छैन अरू पनि के–के हुनुहुन्छ, यी सबै हामी कसरी जानौँ ? केवल निराकार भनेर मात्रै कसरी काम चल्छ ?

योगेन्द्र– ब्राह्मसमाजको एउटा अनौठो कुरा छ । बाह्र वर्षको एउटा केटो छ, उसलाई पनि निराकार नै सुझ्दछ । आदिसमाजीहरू साकारमा विशेष आपत्ति गर्दैनन् । दुर्गापूजाको समय उनीहरू भलादमीहरूको घरमा पनि जान सक्छन् ।

श्रीरामकृष्ण (हाँसेर)– उनले ठीक भने उसलाई पनि निराकार नै सुझ्दछ ।

अधर-शिवनाथ बाबू साकार मान्दैनन् ।

विजय– त्यो उनको बुद्धिको भूल हो । यहाँ जस्तो भन्नुहुन्छ, छेपारोले कति थरीका रंग बदलिरहन्छ, जो रूखमुनि बस्दछ, उसैले जान्न सक्दछ । ध्यान गर्दा खेरि मैले मूर्तिहरू देखेँ । कति देवताहरू थिए । उनीहरूले धेरै थोक भने । मैले मनमा भनेँ, म उहाँ (श्रीरामकृष्ण) कहाँ जानेछु, यी कुरा तब मात्रै मेरो बुद्धिमा आउने छ ।

श्रीरामकृष्ण– तिमीले ठीक देखेका छौ ।

केदार– भक्तहरूको लागि उहाँ साकार हुनुहुन्छ । प्रेमले गर्दा भक्त उहाँलाई साकार देख्दछ । जब ध्रुवले उहाँको दर्शन गरे तब सोधे हजुरका कुण्डल किन हल्लिरहेका छैनन् ? श्रीभगवान्ले भन्नुभयो हल्लायो भने हल्लिने छन् ।

श्रीरामकृष्ण– सबै थोक मान्नु पर्दछ भाइ निराकार र साकार सबै मान्नु पर्दछ । काली मन्दिरमा ध्यान गर्दै गर्दा मैलै एउटी वेश्या देखेँ मैले भनेँ– आमा हजुर यस रूपमा पनि हुनुहुन्छ । यसैले भन्दछु सबै मान्नु पर्दछ । उहाँ कहिले कुन रूपमा दर्शन दिनुहुन्छ, अगाडि आउनु हुन्छ, भन्न सकिदैंन ।

यति भनेर श्रीरामकृष्ण गाउन लाग्नुभयो । गीत भएपछि विजयले भने– उहाँ अनन्त शक्ति हुनुहुन्छ, के कुनै अर्को रूपमा दर्शन दिन सक्नु हुन्न र ? कस्तो आश्चर्यको कुरा हो ! मानिसहरू धुलोको पनि धुलो हुन् । तैपनि उनीहरू ठान्दछन् ईश्वरका सम्बन्धमा सब कुरा जानियो ।

श्रीरामकृष्ण– अलिकति गीता, भागवत र वेदान्त पढेर मानिस ठान्दछन् हामीले सबै बुझ्यौँ । चिनीको रासको पहाडमा एउटा कमिलो पुगेको थियो । एक दाना खाँदा नै उसको पेट भरियो । मुखमा अर्को एक दाना च्यापेर फर्कियो । फर्कदा ऊ विचार गर्दै थियो अब अर्को चोटि आउँदा पूरा पहाडै उठाएर लिएर जानेछु । (सबै हाँस्छन्) ।

क्रमशः

अनुवादक– प्रा.डा. शङ्कुरराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्रमा आफ्नो कर्मक्षेत्र बनाइ दर्जनौ धार्मिक तथा सामाजिक संघसंस्था क्रियाशील छन् । तिनै संघसंस्थामध्ये श्रीहरि कीर्तन दिव्य सेवा समाज पनि एक हो । यस संस्थाले भगवान् नाम संकीर्तन एवम् सेवालाई आफ्नो मूल उद्देश्य बनाई विक्रम सम्वत २०७५ सालमा विधिवत दर्ता भइ आफ्ना गतिविधि सञ्चालन गर्दै आइरहेको छ । यसै संस्थाको संस्थापक अध्यक्षको रूपमा सुशीला नेपाल रहनुभएको छ ।

सुशीला नेपाल, अध्यक्ष
श्रीहरि कीर्तन दिव्य सेवा समाज

आफूले श्रीहरि कीर्तन दिव्य सेवा समाज सनातन धर्म (हिन्दु धर्म) कै मूल मर्मलाई आत्मसाथ गरेर स्थापना गरेको अध्यक्ष नेपाल बताउनु हुन्छ । हुन पनि हो, वेदव्यासले अठार पुराण रचना गरिसकेपछि सबै पुराणको निचोड एउटै वाक्यमा 'अरूको उपकार गर्नुभन्दा ठूलो पुण्य र अरूलाई पीडा दिनुभन्दा ठूलो पाप कुनै छैन' भन्ने आसयका साथ लेख्नुभएको छ– 'परोपकार पुण्याय पापाय परपीडनम्' । यसै सिलसिलामा श्रीहरि कीर्तन दिव्य सेवा समाजको स्थापनाको उद्देश्य र यसका गतिविधिको विषयमा केन्द्रित गरी अध्यक्ष सुशीला नेपालसँग गौरी पत्रिकाका सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको सारसंक्षेप तल प्रस्तुत गरिएको छ । सं.

हाम्रा कर्म एवम् व्यवसायलाई धार्मिक र आध्यात्मिक बनाउन आवश्यक छ

श्रीहरि कीर्तन दिव्य सेवा समाजको स्थापना गर्ने सोच कहाँबाट आयो ?

मानिसलाई कुनै नयाँ कार्य गर्न विशेष घटना या परिस्थितिले प्रेरित गर्ने रहेछ । वि.सं. २०७२ सालको विनासकारी भूइचालोले मलाई यस्तै प्रेरणा दियो । भूइचालोका कारण हजारौं मानिसको ज्यान गयो, कैयौं व्यक्ति अंगभंग भए भने करोडपति समेत रोडमा पुगे । आपत विपतको त्यो घडीमा भगवान्को नाम संकीर्तन र सेवाभन्दा ठूलो केही रहेनछ भन्ने कुरा मजस्तै धेरैलाई महसुस भयो । आफूलाई नास्तिक संझनेहरूसमेत त्यो समयमा भगवान्को नाम लिन बाध्य भए । विनासकारी भूकम्पपछिका हरेक पराकम्पले मानिसलाई झस्काइरह्यो । यही घटनाले मलाई एउटा संस्था स्थापना गरी भगवान्को नाम संकीर्तनका साथमा सेवा र सहयोग गर्ने अभिलाशा जाग्यो । त्यसपछि विचार मिल्ने साथीहरू संगठित भइ श्रीहरि कीर्तन दिव्य सेवा समाजको स्थापना गर्‍यौं ।

संस्थालाई वैधानिकता दिनु पूर्व नै हामीले आफ्ना सेवा र सहयोगका गतिविधि अगाडि बढाएका थियौं । यो संस्थाको विधिवत दर्ता भने वि.सं. २०७५ साल मङ्सिर १० गते गरिएको हो । हामीले जिल्ला प्रशासन कार्यालय, सम्वन्धित वडा कार्यालय, कर कार्यालय र समाज कल्याण परिषद् सबै निकायमा दर्ता र हरेक आर्थिक वर्षमा निर्धारित समयसीमामै नवीकरण पनि गरिरहेका छौं । म आफैं कानूनको विद्यार्थी भएकी हुँदा यस्ता कुरामा सधैं सचेत नै हुने गर्दछु ।

यो समाजको मूल उद्देश्य के हो ?

श्रीहरि कीर्तन दिव्य सेवा समाजको विधानमा यसका उद्देश्यहरू धेरै नै उल्लेख गरिएको छ । हुन पनि हो, संस्था दर्ता गरिसकेपछि यसका दायरा फराकिलो हुनुपर्दछ, सोही अनुसार यस समाजको पनि उद्देश्यहरू बुँदागत रूपमा धेरै नै राखिएका पनि छन् । तर समग्रमा भन्नुपर्दा यस समाजको मूल उद्देश्य भनेको भगवत् सेवा र मानवसेवा हो । यसै उद्देश्यलाई केन्द्रविन्दु राखी हामीले हाम्रा गतिविधि अगाडि बढाएका छौं । अर्को अर्थमा भन्ने हो भने हामी मुखमा राम र हातमा काम हुनुपर्छ भन्ने मान्यताअनुरूप अगाडि बढेका छौं ।

संस्थाले आजसम्म के कस्ता कार्यहरू गरेका छन् ?

श्री हरि कीर्तन दिव्य सेवा समाजको स्थापना कालदेखि आजसम्म आइपुग्दा समय त्यति सहज र अनुकुल रहेको छैन । भूकम्पको महामारीको चपेटामा संस्था जन्मियो, त्यसपछि विश्वव्यापी कोरोना प्रकोपको कारण मुलुकमा दुई वर्षभन्दा बढी समय व्यापार व्यवसाय, उद्योग धन्दा, कलकारखाना चलेनन्, सर्वसाधारणले पनि लामो समयसम्म बन्दी जीवन व्यतित गर्नुपर्‍यो । यति हुँदा हुँदै पनि संस्थामा आवद्ध हामी दिदीबहिनीहरूको प्रयासमा केही सेवामूलक काम पनि भएको छ । केही स्कुले बालबालिकाहरू र आश्रममा आश्रित व्यक्तिहरूलाई शैक्षिक सामग्री एवम् खाद्यान्न तथा लत्ताकपडा वितरण गर्न सफल भयौं । यस अतिरिक्त संस्थाले समय-समयमा दक्ष गुरूहरूबाट भक्तिसङ्गीतका कक्षा सञ्चालन गर्दैआएको छ । भजनकीर्तनको निम्ति हाम्रो आफ्नै साउण्ड सिष्टम छ, हाम्रो नियमित कार्यक्रम नभएको अवस्थामा अन्य व्यक्ति तथा संस्थालाई पनि साउण्ड सिष्टम र आवश्यक परे कलाकार समेत उपलब्ध गराउने गर्दछौं । जन्मोत्सव र अन्य शुभ कार्यमा उत्सव पनि गराउने गर्दछौं । विभिन्न स्थानमा आयोजना हुने श्रीमद्भागवत ज्ञान महायज्ञमा भक्ति सङ्गीतद्वारा सेवा दिने कार्य पनि हुन्छ । समय समयमा हार्मोनियम, तवला वादन र गायन(विशेष गरी भजनकीर्तन सम्वन्धी) प्रशिक्षणको पनि आयोजना गरेका छौं ।

नियमित कार्यक्रम अन्तरगत हरेक पक्षको एकादशीको दिन सम्वन्धित एकादशी माहात्म्यका साथै भजनकीर्तन एवम् आरतिको कार्यक्रम आयोजना गर्ने गर्दछौं । विभिन्न चाडपर्वहरू जस्तै अक्षय तृतीया, बुद्ध जयन्ती, साउने सोमबार, कृष्णजन्माष्टमी, हरितालिका, बालाचतुर्दशी, विवाहपञ्चमी, शिवरात्रि लगायतका पर्वहरूमा विशेष कार्यक्रमको आयोजना गर्ने गर्दछौं । प्रत्येक दुई महिनामा एक चोटि सम्भव भएसम्म सामाजिक सेवाका कार्यक्रम पनि गर्ने गर्दछौं ।

यहाँको संस्थाको संगठनात्मक संरचना कस्तो छ ? कस्ता मानिसहरू आवद्ध हुन सक्ने प्रावधान छ ?

मेरो अध्यक्षतामा समाजको ९ सदस्यीय मूल कार्यसमिति छ । यस्तै १५ सदस्यीय उपसमिति छ । संस्थाको उद्देश्यसँग सहमत हुने धेरै व्यक्तिहरू आजीवन सदस्यतामार्फत संस्थामा जोडिनुभएको छ । नेपाल सरकारको प्रचलित कानूनले निषेध गरेका बाहेक जो कुनै व्यक्ति यस समाजमा आवद्ध हुन पाउने प्रावधान छ ।

संस्थाको आयश्रोत के छ त ? कार्यक्रमहरू कसरी सञ्चालन गर्नुहुन्छ ?

आजसम्म यस श्रीहरि कीर्तन दिव्य सेवा समाजको कुनै स्थायी आयश्रोत छैन । संस्थामा आवद्ध दिदीबहिनीहरूको यथासक्य दान सहयोग एवम्

नियमानुसार उठाइने मासिक शुल्क, मासिक रूपमा आयोजना गरिने विभिन्न कार्यक्रममा उठेको रकम एवम् शुभचिन्तकहरूले दान पेटीमा गर्नुभएको सहयोग नै हाम्रो आम्दानीका श्रोत हुन् । यस अतिरिक्त हामीले भक्ति सङ्गीतको आयोजना एवम् विभिन्न प्रशिक्षणमा प्राप्त हुने थोर बहुत रकमले पनि हाम्रो नियमित खर्चका पाटोलाई केही भरथेक गरेको छ ।

संस्थाका भावी कार्यक्रम के छन् ?

हामीमा धर्मकर्म गर्ने, भजनकीर्तन गर्ने उमेर भनेको जीवनको उत्तरार्धको उमेर हो भन्ने परेको छ । त्यसैले धेरै मानिसहरू युवावस्थामा धर्मकर्मतर्फ खासै रूची राख्दैनन् । त्यो असर हाम्रो श्रीहरि कीर्तन दिव्य सेवा समाजमा पनि छ । त्यसैले यहाँ आवद्ध अधिकांस दिदीबहिनी अलि पाको उमेरका नै हुनुहुन्छ । पाको उमेरका व्यक्तिहरूबाट बढी सक्रियतापूर्ण कार्यको त्यति अपेक्षा गर्न सकिंदैन ।

हामीले भावी दिनमा संस्थालाई आत्मनिर्भर बनाउनेतर्फ विशेष पहल गर्नुपर्ने छ । संस्था आत्मनिर्भर बनाउन यस संस्थामा विशेष गरी कर्मयोगी युवाहरूलाई आवद्ध हुन प्रेरित गर्नुपर्दछ । युवा त्यतिबेला आकर्षित हुन्छन्, जतिवेला संस्थामा आवद्ध हुँदा केही गर्नसक्ने सम्भावना देख्दछन् । त्यसैले युवा जगतलाई हामीले धार्मिक कृपाकलापका माध्यमबाट जीवन जिउन सक्नेतर्फ विश्वस्त बनाउनु पर्दछ ।

मानिस त्यतिबेला साच्चैको धार्मिक हुन्छ जतिवेला उसका हरेक कृयाकलापलाई नै धार्मिक बनाउन सक्छ । केही कुरा सोचले त केही कुरा कर्मले नै धार्मिक बनाउन सकिन्छ । सत्य साइबाबाले गृहणीलाई लक्षित गर्दै भन्नुभएको पनि छ; 'तिमी तरकारी काटिरहेकी छौ, मनले आफूभित्रको अहंकारलाई काटिरहेको कल्पना गर, कसेर बढारिरहेकी छौ, मनका दूषित एवम् कलुषित भावनालाई बढारिरहेको कल्पना गर । यसबाट तिम्रा दैनिक व्यवहार पनि अध्यात्ममय हुने गर्दछन् ।' हामीले हाम्रा कर्म एवम् व्यवसायलाई पनि धार्मिक र आध्यात्मिक बनाउन सक्दछौं । जस्तो गौ संरक्षण- गौशाला सञ्चालन गरी गाईको गहुँत, गोवर, दुध, दही, घिउको उत्पादन गर्ने । खाली जमिनमा व्यवसायिक रूपमा फूलको खेती गरी अहिले हुँदैआएको फूलको परनिर्भरतालाई कम गर्ने । धर्म संस्कृति जीवन्त राख्दै, अफ्ट्यारोमा परेका मानवको सेवा गर्ने ।

अन्त्यमा गौरीमार्फत भन्नै पर्ने कुरा केही छन् कि ?

यस संस्थालाई दीर्घ जीवन प्रदान गर्न सर्वप्रथम स्थायित्वको खाँचो छ । स्थापनाकालदेखि नै हामी चर्को मूल्य तिरेर भाडामा अफिस चलाएर बसेका छौं । पशुपति क्षेत्रमा रहेको कुनै उपयुक्त पाटी या सत्तल हामीलाई उपलब्ध हुने हो भने त्यसको संरक्षण पनि गर्ने थियौं र हाम्रो अफिसको स्थायित्व पनि हुने थियो । हाम्रो सनातन धर्ममा विभिन्न विधर्मीहरूबाट चौतर्फी आक्रमण हुन थालेको छ । हाम्रो धर्म र संस्कारलाई बचाउने हो भने यसलाई केवल पूजा पाठ र भजन कीर्तनमा मात्र सीमित गर्नु हुँदैन । हामीले धार्मिक कृयापलापमै माध्यमबाट अर्थोपार्जन गरी जीविकोपार्जन गर्नेतर्फ पनि अग्रसर हुनु जरूरी छ । साथै कुनै व्यक्तिलाई आफ्नो वा आफन्तको शुभजन्मोत्सव, वैवाहिक वर्षगाँठ, कसैको स्मृति, या कुनै पनि कार्यक्रम भक्ति सङ्गीतमय उत्सवका साथ मनाउने इच्छा छ भने हामी यस कार्यमा यहाँहरूसँग हातेमालो गर्न तयार छौं । यसैगरी हामीले सञ्चालन गर्दैआएका नियमित कार्यक्रमहरूलाई समेत आफ्नै सहयोग (स्पोन्सर)मा आफ्नो निवासमा या हाम्रै कार्यालयमा आयोजना गर्न चाहनुहुन्छ भने समेत हामी त्यस्ता शुभभावना पुरा गराउन प्रतिवद्ध छौं ।❖

गवां दृष्ट्वा नमस्कृत्य कुर्याच्चैव प्रदक्षिणम् ।
प्रदक्षिणीकृता तेन सप्तद्विपा वसुन्धरा ॥

अर्थात् - गाईलाई देखेर जसले प्रदक्षिणा गर्दछ उसले सप्तद्विपले सहित भएको पृथ्वीको प्रदक्षिणा गरेको समान फल प्राप्त गर्दछ ।

गवां यो मनसा दुःखं वाञ्छत्यधमसत्तमः।
स याति निरयस्थानं यावदिन्द्राश्चतुर्दश ॥

जो ब्यक्तिले गाईलाई दुःख दिने ईच्छा गर्दछ, उसले चौधपटक ईन्द्रको समयसम्म नरक भोग गर्नु पर्दछ ।

जातिवाद होइन,
समता र मधुरताको सांस्कृतिक पुनःजागरण

—घनश्याम कोइराला

हाम्रो समाजको जग वर्णव्यवस्थाबाट प्रभावित रहँदैआएको छ । यो वर्णव्यवस्था प्रकृति निर्मित नभई मानवसमाज निर्मित हो । परम्पराबाट अनुप्राणित हुँदैआएको यो व्यवस्थाका विज्ञानसम्मत–व्यावहारिक पक्षहरू ओझेल पर्दै जाँदा आज यो शोषणकारी, विभेदकारी, परिवर्तन विरोधी विषयका रूपमा अर्थ्याइने अवस्थामा पुगेको छ । यहाँको मुख्य समस्या भनेको वर्ण र जातिलाई एकै ठाउँमा मुछेर बुझ्नु हो । दुई भिन्न विषयलाई एउटै बनाएर बुझ्दा र व्याख्या विश्लेषण गर्दा जहाँ पनि समस्या हुन्छ र यहाँ पनि भएको त्यही नै हो । अहिले के हुनुपर्छ, कस्तो हुनुपर्छ भन्ने विषय यतिबेलाको संविधान, ऐनकानुन, नियम आदिले व्यवस्थापन गर्ने हो, तर त्यतिबेलाको सामाजिक व्यवस्थापनमा वर्णव्यवस्था उत्तम हो र त्यही अर्थमा ग्रहण गर्ने हो भने अहिलेका लागि पनि सम्पूर्ण रूपमा त्याज्य छैन ।

वर्णका हिसाबले उत्पीडनमा परेका समुदायको पीडा त सबैले बुझ्न सकिन्छ, ब्राह्मणहरूले अहिले भोग्नुपरिहेका अपयशका विषय पनि नजरअन्दाज गर्न मिल्दैन । वर्णव्यवस्थाको नाममा चलिआएको जाति व्यवस्थाका कारण ब्राह्मणहरूले भोगिरहेका अपयशका तीन वटा क्षेत्र छन्– लैङ्गिक हिंसा, जातीय विभेद र धर्मान्तरण । यी तीनै वटा विषय सार्वजनिक जिम्मेवारीका हिसाबले कुनै जात, वर्ण, धर्म आदि भन्दा पनि राज्यको दायित्वभित्रको विषय हो । यो मूर्त हो । यसलाई संविधान, ऐन, नियम आदि बनाउने र कार्यान्वयन तथा नियमन गर्ने अधिकार छ । दण्ड–जरिमाना गर्ने शक्ति छ । तर, अमूर्त विषयतर्फ औँला देखाइदिएर राज्य उम्कन खोज्दैछ । अहिलेका जातीय तथा लैङ्गिक भनिएका समस्याको मुख्य कारण राजनीतिक शक्ति र राज्यको दोहोरो भूमिका हो ।

वयं राष्ट्रे जागृयाम पुरोहिताः ! हामी पुरोहितहरू राष्ट्रलाई जागरूक बनाइराख्दछौँ । कति राम्रो र जिम्मेवार उद्घोष । पुरोहित शब्द 'पुर+ हित' मिलेर बनेको छ । पुर भनेको सहर वा बस्ती हो, हित भनेको भलाइ हो । यस अनुसार सहर वा बस्तीको भलाइको जिम्मेवारी लिएकाहरू नै पुरोहित हुन् । पुरोहित शब्दको अर्को अर्थ 'अगुआइ गर्नु' हो । यी दुवै सन्दर्भ जोड्दा पुरोहित भनेको बस्ती र बासिन्दाहरूको हित हुने कामको अगुआइ गर्ने व्यक्ति हुन् । धार्मिक–सांस्कृतिक हिसाबले भन्नुपर्दा जाप–होम, यज्ञादिको कर्मकाण्ड गर्ने हो । मान्यताका हिसाबले बुझ्दा वेद–वेदाङ्गको मर्म जान्ने–बुझ्ने, जनताको मङ्गल कामना गर्ने, भलो चिताउने, आशीर्वाद वा शुभकामना दिने आदि हो । यस्तालाई पुरोहित मान्ने हो । यस्तो गर्ने व्यक्तिलाई ब्राह्मण मानियो । अहिलेकै अवस्था अनुसार पनि सबै पुरोहित ब्राह्मण हुन्, तर सबै ब्राह्मण पुरोहित हुँदैनन्, होइनन् ।

कर्मैव प्राक्तनमपि क्षणं किं कोऽस्ति चाक्रिय ।
न जात्या ब्राह्मणाश्चात्र क्षत्रियो वैश्य एव न ॥
न शूद्रो न च वै म्लेच्छो भेदिता गुणकर्मभिः ।
ब्रह्मणास्तु समुत्पन्नाः सर्वे ते किं नु ब्राह्मणाः ?॥

यी श्लोकहरूको अर्थ हो– पुराना कर्म नै मानिसको भाग्य बन्दछ । कर्म नगरिकन कोही बस्न सक्दैन । जन्मका आधारमा कोही पनि ब्राह्मण, क्षत्री, वैश्य, शूद्र वा म्लेच्छ हुँदैन । मानिसका गुण र कर्मद्वारा जातिको भेद छुट्याउन सकिन्छ । सबै प्राणी ब्रह्माबाटै उत्पन्न भएका हुन् भन्दैमा सबैलाई ब्राह्मण भन्न सकिन्छ र ? (शुक्रनीति)

यी पंक्तिबाट के सिद्ध हुन्छ भने कोही पनि मानिस जन्मका आधारमा ब्राह्मण वा अर्को वर्णको हुँदैन । पूर्वीय सनातन प्रवन्धमा ब्राह्मणलाई उच्च मानिदैआएको छ । तर, जन्मको आधारमा नभई कर्मको आधारमा यस 'ब्राह्मण' पदलाई स्वीकार गरिएको छ । वेदमा त ब्राह्मणलाई समाजको मुख नै भनिएको छ । ब्राह्मणको वंशमा जन्मेर मात्र होइन, केही विशिष्ट गुणहरू आर्जन र विकास गरेर ब्राह्मण बन्न सकिन्छ । जाति, वर्ण उत्कर्षका विषय वेद र शास्त्रमा छन् ।

सर्वेषां ब्राह्मणो विद्याद्वृत्युपायान् यथाविधि ।
प्रब्रूयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ॥
वैशेष्यात्प्रकृतिश्रेष्ठ्यान्नियमस्य च धारणात् ।
संस्कारस्य विशेषाच्च वर्णानां ब्राह्मण प्रभुः ॥

यी श्लोकहरूको अर्थ हो– ब्राह्मणले सबैका जीविकाको उपाय जानेर त्यसको उपदेश सबैलाई गरून् र स्वयं पनि आफ्ना जीविकाको उपाय गरून् । अत्यन्त श्रेष्ठता, स्वभावको श्रेष्ठताका कारण, नियमहरूलाई धारण गर्नमा र संस्कारहरूको विशेषताले सबै वर्णका स्वामी ब्राह्मण हुन् । (मनुस्मृति)

आज हामी जो ब्राह्मण कहलिएका छौँ, जसलाई ब्राह्मण भनेर 'ठूला–उँचा' मानिरहेका छौँ, उपरोक्त गुणहरू छन् ? गुण, विशेषताका आधारमा प्राप्त पदवीलाई विना गुण, विशेषता पनि पुर्ख्यौली रूपमा स्वीकारी रहनु पर्छ र ? शास्त्रले त यसो भनेन । परिस्थिति फेरिँदा राष्ट्रका, समाजका, मानिसका नियम फेरिन्छन् । जनजनका पेसा, वासस्थान, संस्कृति आदि फेरिन्छन् । वेद, शास्त्रमा यो परिवर्तनशीलता पाइन्छ । जसरी संविधानमा नागरिकका अधिकार, काम, कर्तव्यका धारा फरक–फरक हुन्छन्, वेद र शास्त्रमा पनि त्यस्ता विषय हुन्छन् । ब्राह्मणको मात्र प्रशंसा गरिएका अनुच्छेद हेर्दा ब्राह्मणको सर्वोच्चता देखिन्छ । तर, यी सर्वोच्चताका विषय विनाशर्त मान्न सकिन्न नि !

पहिले वर्णविभाजन, त्यसपछि काम तोकिएको होइन अर्थात् वर्णका आधारमा कर्म नभई कर्मका आधारमा वर्ण हो । वेद र शास्त्रले भनेको कुरा यही हो ।

ऋजुः तपस्वी सन्तोषी क्षमाशीलो जितेन्द्रियः ।
दाता शूरो दयालुश्चब्राह्मणो नवभिगुणैः॥

सरल, उपलब्धिका लागि दुःखकष्ट सहन सक्ने, सन्तुष्ट, क्षमाशील, इन्द्रियलाई नियन्त्रणमा राख्ने, दानी, निडर, दयालु, चराचर जगतबारे ज्ञान भएको यी नौ गुण ब्राह्मणमा हुनु पर्दछ । यसका आधारमा ब्राह्मण बन्न सक्दछ ।

ब्राह्मणमा हुनुपर्ने अनेकौँ गुण–विशेषता वेद, शास्त्रले तोकेका छन् । यसरी तोकिएका गुणहरू, विशेषता र चरित्र विकास गरेर जाति उत्कर्ष हुन्छ । यी नियम बनाउनेहरू अहिले चलनचल्तीका जातका ब्राह्मण होइनन्, क्षमताले उत्कृष्ट व्यक्तिहरू हुन्, जसलाई वास्तवमा ब्राह्मण मान्न सकिन्छ । यसरी यस्ता ब्राह्मणहरू पुरोहित बनेका हुन् । बौद्धिक कर्म गर्ने वर्ग भएको हुनाले यिनीहरूले आहार–विहार, आचरण र चरित्रका क्षेत्रमा अरूलाई भन्दा आफ्ना लागि कठोर नियम निर्धारण गरे । त्यसको प्रभाव उनीहरूको व्यवहारमा पनि स्वाभाविकै थियो । तर, समय बित्दै जाँदा परिवारभित्रको संस्कारको सीमिततामा होइन, साझा सामाजिक संस्कार र सभ्यतामा अघि बढ्नु आवश्यक हो । त्यसैले, वंश–परम्पराको अवशेषमा रंगिएर कुनै प्रकारको जातीय अहंकार बोकिहिँड्न आवश्यक छैन ।

व्यक्ति विशेषका गुण–दोषका कुरा नगर्ने हो भने जहाँसम्म पुरोहित ब्राह्मणहरूको विषय छ, उनीहरूले केही सोच्नुपर्ने अवश्य छ । यी ब्राह्मण वा पुरोहितका पुर्खाले समयानुकूल प्रावधान विकास गरेका छन् । तर, आजका ब्राह्मणहरू आफूले केही नगरेको यश (जस) को पगरी र अपयश (अपजस) को कलंक बोक्न बाध्य छन् ।

व्यवहारमा हेर्दा ब्राह्मणहरूले कर्मकाण्डमा सहजता ल्याएका छन् । वस्त्रं समर्पयामि (कपडा चढाउँछु) भनेर धागोले काम चलाएका छन् । सुनको ठाउँमा सुन घोटेको फलामको टुक्रो वा एउटा सानो पैसोले काम चलाएका छन् । पैसा चढाउन भनिएको ठाउँमा फूलले र फूल चढाउन पर्नेमा पातले काम चलाएका छन् । लिपपोत, धोइ–पखाली गर्नु पर्नेमा पानीका छिटाले काम चलाएका छन् । गाई दिनुपर्ने ठाउँमा दुनामा केही पैसा राखेर काम चलाएका छन् । कट्टरता त्याग्दै आएका छन् ।

धेरै ब्राह्मण सन्तानले टुप्पी काटेका छन्, जनै

फालेका छन् । अन्य जातजातिकाहरूले पढ्ने विद्यालयमा आफ्ना सन्तान पढाइरहेका छन् । अरूले गर्ने पेसा अँगालेर श्रेष्ठता समेत हासिल गरेका छन् । गाई काट्ने, घरपरिवारमा मान्दै आएका देवीदेवताको पूजा गर्न नपाइने देशहरूमा श्रम बेचिरहेका छन् । श्रमका सबै क्षेत्रमा ब्राह्मणहरू संलग्न छन् । सरकारी, गैरसरकारी कार्यालयहरूमा सफाइ कर्मचारी, चालक, परिचर आदि बनेर सेवा गरिरहेका छन् । सहकर्मीहरूसँग खानपान, बसउठ, खेलकुद सबै सँगसँगै गरिरहेका छन् । निर्वाचनहरूमा राजनीतिक आस्था र प्रभावका आधारमा जातपात नभनी मतदान गरेका छन् । फेरि पनि जातीय कट्टरताको लाञ्छना यिनै ब्राह्मणमाथि ?

यज्ञ तथा पूजा आदिमा मुख्य पूजा गरिने देवताभन्दा पहिले उनका गण, सेवक, नन्दी–भृङ्गी आदिको पूजा गर्ने–गराउने गर्दछन् । पूजाका क्रममा देवीदेवताका वाहन पशुहरूको पूजा गर्दछन् । देखिने र नदेखिने ठूलासाना प्राणीहरूको भाग छुट्याउँछन् । यहाँसम्म कि प्रकृतिका सानाठूला सबै भौतिक पदार्थहरू, ग्रहआदिलाई नमस्कार सहित पूजा गराउँछन्, गर्दछन् । फेरि पनि अहंकार र अहंकारीमा ब्राह्मणकै नाम ?

जुनसुकै यज्ञमा मातृका र योगिनीहरूको पूजा नगरी ठूला देवताको पूजा गर्दैनन्, गराउँदैनन् । लक्ष्मी नभनी नारायण भन्दैनन् । गौरी नभनी शंकर भन्दैनन् । सीता नभनी राम र राधा नभनी कृष्ण उच्चारण पनि गर्दैनन् । सृष्टि, ऐश्वर्य, ज्ञानको मुख्य स्थानमा देवीहरूलाई स्वीकारेर स्थापना गर्दछन् । यतिले पनि नपुग्ने ठानेर छुट्टा छुट्टै गौरी र शंकरलाई एउटैमा जोडेर अर्धनारीश्वर बनाएका छन् । नारी हिंसामा फेरि पनि यही धर्म र यिनै ब्राह्मणलाई आँखा तर्नुपर्ने किन हँ ?

त्यतिबेला कर्मको आधारमा भएको वर्णविभाजन अनुसार ब्राह्मण वर्णमा नपरेकोहरूबाट जन्मेकाहरूलाई पनि कर्मको उत्कृष्टताको कारण महर्षि, राजर्षि, ब्रह्मर्षि स्वीकार गरेका छन् । उनीहरूबाट लिखित–प्रतिपादित ग्रन्थ, सिद्धान्तहरूलाई शिरोपर गरेका छन् । त्यस्तै मध्येका व्यास, वाल्मीकि आदिको नाम सबैलाई थाहा छ । फेरि पनि संकीर्ण जातिवादी ?

उही देवता पूजा गर्ने, उनै देवता मान्ने सिल्पी र सेवक वर्गमा परेकाहरूलाई नछुने कारण के हो ? उनीहरूकोमा आजा–पूजा नगराउन पर्ने कारण के हो ? थाहा छ ? यथार्थ र व्यवहारिक, विज्ञानसम्मत कारण थाहा छ ? किन उतिबेला उनीहरूलाई आजा–पूजा र सघन संस्कारहरूको अनिवार्यतामा पारिएन ? हेक्का छ ? थाहा नपाएर वा थाहा नपाएझैँ गरेर लाञ्छना बोक्नु परेको छ । सनातनदेखि चलिआएका असल परम्पराहरूको विकास गर्नु पर्नेमा, संस्कृतिका आधारहरू जोगाउनु र विस्तार गर्नु पर्नेमा अनेकौ नाम र बहानामा खुम्च्याउँदै जानु राम्रो हो र ? धर्मान्तरणको सबैभन्दा मुख्य कारण जातीय विभेद हो । आफूले सबै गर्न हुने, हिन्दु सनातन मान्यताका आधारमा दलित वर्गीकरण गरिएकाहरूको घरमा आफू स्वयंले मानिआएका देवीदेवताको पूजा, दानमा सहजीकरण नगरेपछि उनीहरू किन ती देवता मानुन् त ? सबैभन्दा ठूलो बन्दा डाइनासोर जस्तै विलुप्त भइनेतर्फ ध्यान छ कि छैन ?

हिन्दुहरू नै हिन्दु संस्कार गर्नबाट वञ्चित हुनुपर्दा उनीहरू हिन्दु रहिरहने अपेक्षा गर्न सकिन्छ त ? विद्वान्, ब्राह्मण, पुरोहितहरूले सोच्नुपर्ने बेला भइसकेको छ । अब ब्राह्मणवाद र दलितवाद होइन, सांस्कृतिक उत्कर्षवादतर्फ लागौँ । कटुता र कट्टरताको यथास्थिति होइन; समता र मधुरताको सांस्कृतिक पुनःजागरणतर्फ लागौँ ।❖

त्रिवेणी, नवलपरासी, (हाल पेप्सीकोला, भक्तपुर)

गौरी मासिकका

पुराना अंकहरू

संकलन गर्न चाहनुहुन्छ भने यस पत्रिकाको कार्यालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध छ ।

गर्ग संहितालाई हेर्दा



-मोहनप्रसाद आचार्य

भगवान् श्रीकृष्णका कुल गुरू गर्गाचार्य मुनिद्वारा प्रणित श्रीगर्ग संहिता नेपाली जनमानसहरूले रूचाएको र लोकप्रिय ग्रन्थकै रूपमा देखापर्दछ । श्रीमद्भागवत पुराण पछि श्रीकृष्ण चरित्रलाई ज्यादै सरल र स्वभाविक रूपमा चित्रण गर्ने ग्रन्थकै रूपमा देखापर्न आउँछ गर्ग संहिता । हुनत भगवान् श्रीकृष्णको पुरा चरित्र, पूरा कर्म जान्न र बुझ्नको लागि महाभारत; जसलाई पाचौं वेद भनेर भनिन्छ यसबाट धेरै लाभ लिन सकिन्छ । यसदेखि बाहेक श्रीकृष्णको चरित्र तथा लीलालाई जान्न ब्रह्मवैवर्तपुराण, हरिवंशपुराण, विष्णुपुराण, श्रीमद्देवीभागवत्ले पनि यथेष्ठ सहयोग पुऱ्याएको पाइन्छ । सबै भन्दा बढी रसले र मिठासले युक्त भएको पुराणको संख्यामा श्रीमद्भागवत पुराणलाई नै लिइन्छ ।



रसो वै सहको रूपमा लिइने र पहिलो प्राथमिकतामा श्रीमद्भागवतको गणना हुँदा त्यो पछिको दोश्रो स्थानमा गर्ग संहितालाई सार्न सकिन्छ । भगवान् श्रीकृष्ण मर्त्यलोकमा अवतरित भएर करिव १२५ वर्षसम्म रहँदा उहाँले गर्नुभएका लीलाहरूमा महर्षि गर्गाचार्यको प्रत्यक्ष संलग्नता भएको बुझिन्छ ।

गर्गाचार्य यदुवंशीहरूको गुरू पुरोहित भएको कारणले पनि गर्ग संहितामा उल्लेख भएका श्रीकृष्णका प्रसङ्गहरूलाई निकटता दिएको पाइन्छ । भगवान् श्रीकृष्णका पिता वसुदेव तथा माता देवकीको कुलगुरूको रूपमा चिनिएका गर्गाचार्य महाराज पृथुको पनि गुरू पुरोहितको रूपमा रहनु भएको बुझिन्छ । गर्गाचार्य वेदका प्रखरज्ञाता, ज्योतिषाचार्य भएको पनि बुझ्न सकिन्छ । आचार्य गर्गले गर्ग मनोरमा वृहद् गर्ग संहिता जस्ता ज्योतिष शास्त्रका ग्रन्थहरू लेखन गर्नुभएको बुझिन्छ । महर्षि गर्गाचार्य आशुतोष भगवान् शिवको परम भक्तको रूपमा मानिने भएतापनि उहाँ श्रीकृष्णका अनुरागि भक्तकारूपमा नै देखिनु हुन्छ ।

संहिता भन्ने शब्दले प्रायः वेदलाई बुझाउने भएपनि वेदपुरूष, यज्ञेश्वर १६ कलाले युक्त परिपूर्णतम भगवान् कृष्णको चरित्रलाई उजागर गरेकोले यसको नामको पछाडि संहिता शब्द राखिएको हुनु पर्दछ । हुनत यस वखत अन्य ऋषिहरूले गरेका विभिन्न रचनाहरूको नाम पछाडि पनि संहिता शब्द प्रयोग भएको पाइन्छ । यो संहिता पनि गर्गाचार्य मुनिले हिमाच्छादित हिमाचल क्षेत्रको वायव्य कोणमा वसेर रचना गरेको भन्ने बुझिन्छ । त्यसैले महर्षि गर्गाचार्यकै नामबाट यो क्षेत्रलाई गर्गाचल शिखर भनेर भनिने गरेको छ । श्रीमद्भागवतमा श्रीकृष्णका चरित्र तथा लीलाहरूलाई सूत्ररूपमा वर्णन गरिएको देखिन्छ भने गर्गचार्य मुनिले आफ्नो संहितामा त्यसै चरित्रलाई विशद वृत्तिरूपमा वर्णन गरेको पाइन्छ । जसले गर्दा यो भन्न सकिन्छ की श्रीमद्भागवतमा वर्णित कृष्णलीलाहरूको दोश्रो व्याख्या हो र जो श्रीमद्भागवतीय गुणकै आधारमा आएको बुझिन्छ । आफ्ना १६ कलाहरूलाई धारण गरेर पृथ्वीतलमा अवतिर्ण भएका भगवान् कृष्णलाई द्वैपायन व्यासले आफ्नो भागवत ग्रन्थमा कृष्णस्तु भगवान् स्वयम् भनेर वर्णन गर्नुभएको छ भने महर्षि गर्गाचार्यले आफ्नो गर्ग संहितामा यस प्रकार वर्णन गरेको पाइन्छ ।

यस्मिन सर्वाणि तेजांसि विलियन्ते स्वतेजसि।
तं वदन्ति परे साक्षात् परिपूर्ण तमं स्वयम्॥

श्रीकृष्णको चरण रजमा समर्पित हुनुभएका आचार्य गर्गले आफ्नो संहितामा भक्ति, ज्ञान, वैराग्यलाई प्राथमिकतामा राखी परिपूर्णतम् श्रीकृष्णको सम्पूर्ण चरित्रलाई उतार गर्नुभएको पाइन्छ। भगवान् श्रीकृष्णलाई प्रमुख पात्र बनाई रचना गर्नुभएको यो ग्रन्थमा श्रीकृष्णका कुलगुरू अर्थात् गर्गाचार्य भगवान्लाई भक्तिले यस्तो करूण रसमयं विग्रहमा वर्णन गर्नुहुन्छ–

यः पारमेष्ठयमखिलं न महेन्द्रधिष्ण्य,
जो सार्वभौम मनिशं न रसाधिपत्यम्।
नो योगसिद्धिमभितो न पुनर्भवं वा
वाञ्छत्यलं परम पादरजः सुभक्तः॥
निष्किञ्जनाः स्वकृतकर्मफलैर्विरागा
यत्तपदं हरिजना मुनयो महान्तः।
भक्ता जुषन्ति हरिपाद रजः प्रसक्ता
अन्ये वदन्ति न सुखं किल नैरपेक्ष्यम्॥

(गर्ग संहिता माधुर्य १० को १५/१६)

श्रीकृष्ण चरणारविन्दको रज जसलाई प्राप्त हुन्छ, भगवान्को परम उत्कृष्ट पादपद्म परागमा जसको सुदृढ भक्ति रहन्छ त्यस्तो भगवान्का भक्तलाई न ब्रह्माजीको ब्रह्मलोक, न देवराज ईन्द्रको स्वर्गको पद, न कुनै सार्वभौम शक्तिशाली राजाको राज्य पद, न पाताल लोक कतैको पनि आधिपत्यको चाहना हुँदैन र चाहँदैन पनि। उसलाई कुनै प्रकारको योगसिद्धि पनि चाँहिदैन। केवल मोक्षको मात्र आश गर्दछ। जो अकिचन भक्त छ आफ्नै कर्मफलबाट पनि विरत रहन्छ। यस्तो भक्त हरिचरण रजमा आसक्त भगवान्का भक्त सन्तहरूको सेवामा रत रहने निरपेक्ष सुख चाहन्छ। अन्य कुनै प्रकारको सुखको वास्ता समेत गर्दैन।

हालप्राप्त महर्षि गर्गाचार्यको गर्गसंहिता भित्र १० खण्डहरू– १. गोलोक खण्ड, २. वृन्दावन खण्ड ३. गिरिराज खण्ड ४. माधुर्य खण्ड ५. मथुरा खण्ड ६. द्वारका खण्ड, ७. विश्वजित खण्ड ८. वलभद्र खण्ड ९. विज्ञान खण्ड र १०. अश्वमेघ खण्ड रहेका छन्।

उल्लिखित सम्पूर्ण खण्डहरू भगवान् श्रीकृष्णका अत्यन्त मधुरलीलाहरूले भरिपूर्ण छन्। श्रीमद्भागवत महापुराणमा श्रीकृष्णकी आल्हादिनी शक्ति श्रीराधाको नाम उच्चारण गरिएको छैन। संकेतरूपमा मात्र श्रीराधालाई देखाइएको छ। यसबाट यो बुझ्न सकिन्छ कि राधाविनाको कृष्ण अधुरो हुने भएकोले गर्ग संहितामा राधारानीको दिव्य माधुर्यलीलाहरूको विशद् वर्णन गरिएको छ। राधा तथा श्रीकृष्णमा तादात्म्य सम्वन्धको साथै परम ब्रह्मको रूपमा वर्णित भएको देखिन्छ।

महात्म्य– गर्गसंहिता भित्र ४ अध्यायले युक्त महात्म्य देखापर्दछ। चारै अध्यायको श्लोक संख्या १२० छ। जसमा गर्ग संहिताको उत्पत्ति अर्थात् प्रादुर्भावको– कारण, देवर्षि नारदद्वारा गर्गाचार्य मुनिलाई यो संहिता लेखन गर्ने कार्यमा प्रेरणा प्रदान गरिएको छ। जसको साथै सन्तानविहीन राजा प्रतिवाहुलाई महर्षि शाण्डिल्यद्वारा गर्ग संहिता श्रवण गराइएको, अन्तिम यज्ञको दिन भगवान् श्रीकृष्ण प्रकट भै राजा प्रतिवादलाई पुत्र प्राप्तिको वरदान दिएको र यसै वरदानबाट पुत्र प्राप्त भएको कथा वर्णन गरिएको छ।

१. गोलोक खण्ड

यस खण्डमा जम्मा २० अध्यायहरू छन्। बीसौं अध्यायसम्ममा जम्मा ९४५ श्लोकहरू छन्। देवर्षि नारद तथा मिथिला नरेश वहुलाश्वको संवाद स्वरूपका प्रसङ्गमा भगवान् श्रीविष्णुद्वारा श्रीकृष्ण विग्रहमा अवतार लिने निश्चय गरिएको छ। यसै प्रसङ्गमा श्री राधाको संशयमा भगवान्द्वारा शंकाको निवारण, श्रीराधालाई सान्त्वना प्रदान, व्रजमा सबै गोप तथा गोपी भएर जन्मने प्रसङ्गको वर्णन, वृषभानु पुत्री राधाको कलावती पुत्रीको रूपमा जन्म भएको वर्णन छ। गर्गाचार्यद्वारा नन्द भवनमा गई व्रज मण्डलमा पुऱ्याइएका श्रीकृष्ण तथा बलरामको नामाकरण संस्कार, १२५ वर्षसम्म श्रापित भई पृथ्वीलोकमा जन्म लिन आएकी श्रीराधारानीको भाण्डिर नामक वनमा ब्रह्माजीद्वारा राधाकृष्णको विवाहको वर्णनका साथै दुर्वासा मुनिद्वारा भगवान्को मायास्वरूप गोलोक धाममा श्रीकृष्णको दर्शन पाएको कुराको वर्णन पाइन्छ।

२. वृन्दावन खण्ड

यस खण्डमा २६ अध्यायहरू तथा १०५६ श्लोकहरू छन्। श्री कृष्णका बाललीलाहरू अन्तरगतका कथाहरूमा कृष्ण बलरामद्वारा व्रज भूमिमा बाच्छाहरू चराउन जानुको साथै वत्सासुर, बकासुर वधको प्रसङ्ग आउँछ। भगवान् श्रीकृष्ण गोपदेवीको रूपबाट प्रकट, राधाको परीक्षाका साथै

राधालाई श्रीकृष्ण दर्शन भएको वर्णन आउँछ भने भगवान् श्रीकृष्णले राधाको साथै अन्य गोपाङ्गनाहरूलाई श्वेतद्विप निवासी भगवान् नारायण स्वरूपको दर्शन दिएको वर्णनहरू पाइन्छ ।

३. गिरिराज खण्ड

११ अध्याय भएको यस खण्ड भित्र ३५९ श्लोकहरू छन् । श्रीकृष्णद्वारा व्रजमा गोवर्धन गिरीको पूजा गर्ने प्रस्तावमा व्रजवासीहरूको सर्वसम्मत निर्णय, आफ्नो पूजामा अवरोध गरेको ठानी देवराज ईन्द्र कुपित भै व्रजमा भयानक जलवृष्टि गराएको, भगवान्द्वारा गोवर्धन धारण गरी व्रजवासीको रक्षा, कृष्णद्वारा आफ्नो कार्य असफल भएको देखी देवराज ईन्द्र ऐरावत हात्तीको साथ व्रजमा आई श्रीकृष्णको पूजा तथा अभिषेक गरेको, गोवर्धन पर्वतका आसपासका अन्य क्षेत्रको पनि महत्ता बढाई श्रीकृष्ण आफ्नो स्वधाम गएको प्रसङ्गहरू पाइन्छ ।

४. माधुर्य खण्ड

२४ अध्याय भएको यस खण्ड भित्र ६९१ श्लोकहरू छन् । श्रुति (वेदस्वरूपा) गोपी, ऋषिरूपा गोपी, मैथिलारूपा गोपी, अन्य गोपीहरूको श्रीकृष्णप्रति अनन्य प्रेम, राधा सहित अन्य गोपीहरूसँग श्रीकृष्णको रङ्गोत्सव अर्थात होली खेलका वर्णनहरू आउँछ । यसमा यमुना कवच, यमुनास्तोत्र, यमुनाका हजारौं नामको वर्णनका साथै आफ्ना पिता नन्द राय गोप गोपीहरूलाई नै बैकुण्ठधामको दर्शन गराई भगवान् श्रीकृष्णद्वारा अरिष्ठासुर नामक दैत्य, र व्योमासुर दैत्यको वधसम्मका प्रसङ्गहरू पाइन्छ ।

५. मथुरा खण्ड

२५ अध्यायले युक्त भएको यस खण्ड भित्र २०६६ श्लोकहरू रहेका छन् । देवर्षि नारदको कथनानुसार कंसद्वारा वसुदेव देवकीलाई कारागारको सजाय, केशि नामक दैत्यको वध, त्यसपछि मथुरा आगमनको लागि व्रज गएका अक्कुरलाई यमुनाको जलमा आफ्नो परब्रह्म स्वरूपको दर्शन दिएको प्रसङ्ग, कंसका हितकारी चाणुर तथा मुष्टिकको वध, कंसका सबै भाइहरूको वध, कंशवध पछि उद्धवको व्रज गमन, उद्धवद्वारा गोपीहरूलाई सान्त्वना दिइएको प्रसङ्ग पाइन्छ । यस्तै श्रीकृष्णद्वारा कदली वनमा श्रीराधा सहित अन्य गोपीहरूको साथ मिलन हुनु, रासोत्सव प्रसङ्गको साथै महामुनि ऋृभुको मोक्ष प्रसङ्गको साथै मथुरा नगरीको महात्म्य यस खण्डभित्र समेटिएको पाइन्छ ।

६. द्वारकाखण्ड

२२ अध्यायले युक्त भएको यस खण्ड भित्र ८६३ श्लोकहरू छन् । जरासन्धको मथुरामाथि आक्रमण, कालयवनको आक्रमण, मुचुकुन्दद्वारा कालयवनको वधको प्रसङ्ग यसै खण्डमा आउँछ । यस्तै, रेवतकी पुत्री रेवतीको साथ श्रीबलरामको विवाह, श्रीकृष्णद्वारा विदर्भनन्दिनी रूक्मिणी अपहरण, रूक्मिणीको विवाह प्रसङ्ग, रूक्मिणी तथा कृष्ण पुत्रको रूपमा प्रद्युन्नको जन्म प्रसङ्गहरू, भगवान् श्रीकृष्णद्वाराकृष्णद्वारा रूक्मिणी सहित १६१०८ रानीहरूसँग विवाह, यसको साथै गोमति, चक्रतीर्थको महात्म्य, सिद्धाश्रम क्षेत्रमा श्रीराधाकृष्णको मिलन, अन्य व्रजाङ्गनाको साथमा श्रीकृष्ण पत्नीहरूसँग भएको रासक्रिडाको वर्णन पाइन्छ । यहाँ भगवान् श्रीकृष्णका बालसखा अर्थात गुरूकुलका साथी सुदामा ब्राह्मणको उपाख्यानहरू पनि पाइन्छ ।

७. विश्वजित खण्ड

५० अध्यायले युक्त भएको यस खण्ड भित्र २१६५ श्लोकहरू देखापर्दछ । महाराज उग्रसेनले गर्ने राजसूय युद्धको दिग्विजय यात्रामा श्रीकृष्ण पुत्र प्रद्युम्नको नेतृत्वमा विभिन्न देश देशावरका राजाहरूसँग भएको युद्धको वर्णन पाइन्छ । कौरव सेनासँग भएको युद्धमा दुर्योधन पराजित गएको प्रसङ्ग पाइन्छ । श्राद्ध देव मनुद्वारा कृष्णपुत्र प्रद्युम्नको स्तुति, साथै विजय यात्रापछिको राजसूय यज्ञोत्सवका वर्णनहरू भएका विवरण अर्थात अध्यायहरू कथाहरू यस अध्याय भित्र पर्दछन् ।

८. बलभद्र खण्ड

यस खण्ड भित्र १२ अध्याय छन् भने यी सबै अध्यायको श्लोक संख्या ३६३ रहेका छन् । यसभित्र बलरामले अवतार लिनुको कारण, रेवतीको उपाख्यानको साथै प्रोड विपाक मुनिद्वारा श्रीकृष्णद्वारा व्रज, मथुरामा भए गरेका लीलाहरूको वर्णन, बलरामजीले गरेका कार्यहरू, बलरामद्वारा गोपिजनहरूसँगको रासलीला पाइन्छ । साथै यस खण्ड भित्र बलराम कवच, बलराम सहस्त्रनामहरू समेत समेटिएको पाइन्छ ।

९. विज्ञान खण्ड

यस खण्ड भित्र १० अध्यायहरू तथा कुल २९४ श्लोकहरू रहेका छन् । विशेषतः द्वारका नगरीमा वेदव्यासको

आगमन, वेदव्यासद्वारा सकाम तथा निष्काम भक्ति योगको वर्णन गर्नुका साथै परमात्मा परमेश्वरको स्वरूप निरूपण गरिएका प्रसङ्गहरू यस खण्डमा देख्न सकिन्छ ।

१०. अश्वमेघ खण्ड

६२ अध्यायले युक्त भएको यस खण्ड भित्र २६९३ श्लोकहरू छन् । गर्गसंहिताका १० (दश) खण्डहरू मध्ये सबैभन्दा बढी अध्याय तथा श्लोकहरू भएको खण्ड पनि यहि नै हो । महाराज उग्रसेनको अश्वमेध यज्ञ गर्ने विचारको सन्दर्भमा कुलगुरू गर्गाचार्य व्रजनाथको संवादबाट शुभारम्भ भएको यस खण्डमा देवर्षि नारदद्वारा अश्वमेध यज्ञको महत्त्व वारेमा महाराज उग्रसेनलाई सम्पूर्ण जानकारी गराइएको छ । श्यामकर्ण घोडाको खोजी, श्यामकर्ण घोडाको साथमा प्रद्युम्न पुत्र अनिरूद्धको सेनापतिमा नियुक्ति गरिनु, अनिरूद्धको साथमा कृष्णकै उत्सर्गरूप उद्धवजी, अनन्य कृष्णप्रेमी अक्रुरजी पनि समावेश भएको, अनेकानेक देशका राजाहरूसँग युद्ध, कतिपय राजाहरूद्वारा आत्म समर्पण, कतिपय राजाहरूलाई युद्धमा पराजित गर्दै उनीहरूबाट उपहार ग्रहण, अश्वमेध यज्ञको शुरू तथा युद्ध समाप्तिका वर्णनको साथै गर्गाचार्य मुनिद्वारा श्रीकृष्णको सहस्रनाम वर्णन गरिएको प्रसङ्ग पाइन्छ । कौरव वंशको संहार प्रसङ्ग, भगवान् श्रीकृष्णद्वारा राधा तथा अन्य व्रजवासीको साथ आफ्नो स्वधाम प्रस्थान गरेको प्रसङ्ग पनि यहाँ पाइन्छ । यसवाहेक एकादशी महात्म्य, गुरू तथा गङ्गा महात्म्यको साथसाथै १० खण्डले युक्त गर्ग संहिताको महात्म्य समेत देख्न पाइन्छ ।

कुल दश खण्डको गर्ग संहिताभित्र जम्मा २६७ अध्याय र ११४९४ श्लोक समेटिएको छ । श्रीकृष्ण चरणरजमा समर्पित हुनुभएका आचार्य गर्गले आफ्नो संहितामा भक्ति, ज्ञान, वैराग्यलाई प्राथमिकतामा राखी परिपूर्णतम् श्रीकृष्णको सम्पूर्ण चरित्रलाई समावेश गर्नुभएको छ । श्रीकृष्णको वियोगात्मक ग्रन्थकै रूपमा आएको यस संहिताको श्रवण मनन तथा अध्ययन गर्नाले जीवमात्रले आफ्नो कल्याणको साथै अन्त्यमा आफ्नो जीवनलाई मुक्तिमार्गमा पुऱ्याउने छ । अर्थात् जीवले मुक्ति प्राप्त गर्नेछ । यही गर्ग संहिताको सन्देश हो । यसमा कुनै द्विविधा तथा सन्देह छैन ।❖

–चाँगुनारायण नगरपालिका– ३ भौखेल, भक्तपुर

आयुर्वेदिक औषधी



तपाईको रोग आएको जोग कस्ले पो मेटाउने
औषधी मुलो पारेको धुलो हामीले भेटाउने ।
हरियो वन नेपालको धन औषी पाउने हो
हिमाल पहाड तराइसम्म प्रिति पो लाउने हो ॥

हजारौ रोग नगरौ शोक औषधी पाउने छौं
आर्त पुकार सुनी मनमा गुनी मलम लागने छौं ।
हे मेरा साथी पहाड माथि औषधी खोज्न जाऔं
साग र सिस्नो खाएर हामीले यसैमा प्रिति लाऔं ॥

लेक र बेसी घुमेर हेरौं औषधी हाम्रो हो
ए दाजु भाइ औषधी पाई खाएर राम्रो भो ।
औषधी जरा बिरामी बरा खाएर बाँचौ न
रामको लीला गाएर हामीले यसैमा नाचौ न ॥

आयुर्वेदिक हाम्रो खाएको राम्रो नेपाली सबैले
औषधी खान्छ निकोभई जान्छ पाएको दवाइले ।
घरायसी औषधीले बाच्छौं हामी आज
आयुर्वेदिक नपाएर पुग्ने छैन काज ॥

हातको घडी नेपाल भरि आफ्नै दाजुभाइ
नेपाली सारा हे भाइ प्यारा आउन यता धाइ ।
औषधी सिकौं नेपालमै बिकौं यो हाम्रो सहारा
मकैको पिठो सागर सिस्नो यही हाम्रो आहारा ॥

हिमाल फेदी कन्दराभित्र औषधी खोज्न जाऔं
जडी र बुटी खाएर हामी निरोगी बन्न पाऔं ।
हातको मैला सुनको थैला के गर्नु धनले
निरोगी भई बस्नुछ हामीले आनन्दी मनले ॥

–कृष्णप्रसाद पौडेल, बाह्रबिसे, सिन्धुपाल्चोक

महाकाली गङ्गाको उत्पत्ति

-आचार्य घनश्याम लेखक

ससर्ज मनसा ब्रह्ममानसाख्य सरोवरम्।
ऋषीणामाश्रमै पुण्यै सेवितं सुमनोदरम्॥ (मानसखण्ड संहिता)

जगत्पिता ब्रह्मा, जगत्पालक विष्णु एवम् जगत् नियन्ता महेशको पावन स्थल सुमेरू कैलास पर्वतको पटकनमा पितामह ब्रह्माले ऋषिहरूको अनुरोधमा एउटा सरोवरको निर्माण गरी मन्दाकिनी गङ्गाका जलले त्यसलाई भर्नुभयो । उनको मानसिक सङ्कल्पबाट निर्मित उक्त जलाशयलाई 'मानससर' भनिन्छ । त्यसै सरोवरको तटमा मानवको प्रथम सृष्टि भएको हो । यही मानससरोवर उत्तर भारतवर्षका सम्पूर्ण ठूला, साना नदीहरूको मूलस्रोत हो भने यसको पूर्वतिर ब्रह्मपुत्रनदी, पश्चिमतिर सिन्धुनदी, उत्तरतिर शतलज नदी तथा दक्षिणतिर मानसीगङ्गा प्रवाहित भएका छन् । दक्षिणतिर प्रवाहित मानसीगङ्गाका दुईवटा धारा छन् । जसमा पूर्वीधारालाई कर्णाली महानदी एवम् पश्चिमी धारालाई श्यामा गङ्गा अर्थात् महाकाली नदी भनिन्छ ।

मानसी गङ्गाको पूर्वी धारा कर्णाली महानदी

कर्णाली महानदीको बारेमा मानसखण्ड संहिता स्कन्दपुराणमा उल्लेख गरेको पाइन्छ-

गौरीपर्वत संलग्नात् स तत्रैवालिषर्वतात्॥
तथेत्युक्त्वा स भगवान् मानसोत्थां महानदीम्
तस्मै प्रदर्शयामास दिननाथो जगतपतिः॥
कर्णन प्रार्थितां दिव्यामलिपर्वत सम्भवाम्।
ततः सिद्धगणाः प्राहुः कर्णाली सरिद्वराम्।

अर्थात् गौरीपर्वतसँग जोडिएको अलिपर्वतमा सूर्यले मानसरोवर मूल भएको महानदीलाई साधनारत आफ्ना पुत्र कर्णलाई देखाउनु भयो । दानवीर कर्णको प्रार्थनाले अलिपर्वतबाट प्रवाहित श्रेष्ठ नदीलाई सिद्ध गणहरू ' कर्णाली' भन्दछन् । जो मानसखण्डको पूर्वी सीमानाका रूपमा रहेको छ भने महाकाली (शारदा) नदीमा मिलेर घाघरा नदी एवम् सरयू गङ्गाका नामले सुप्रसिद्ध भई भागरथी गङ्गामा मिसिएर बङ्गालको खाडीमा समुद्रमा सङ्गमित हुन्छ ।

मानसी गङ्गाको पश्चिमी धारा श्यामागङ्गा अर्थात् महाकाली नदी

महाकाली (शारदा) नदीका रूपमा प्रसिद्ध श्यामागङ्गाको माहात्म्य मानसखण्ड संहिता स्कन्दपुराणमा यसरी उल्लिखित छ -

भगीरथेन या पुण्या प्रार्थिता वै सरिद्वरा।
मन्दाकिनी महापुण्या पतिता मुनिसत्तमः।
धनदस्य महायज्ञे समाहूता हि सा मया।
आविर्वभूव तत्रैव सुपुण्ये लिपि पर्वते।
मानसोत्था पुण्यतीर्था श्यामला लिपिपर्वत।
वभूव मुनिशार्दूला सर्वपापप्राणाशिनी।
सरयूसङ्गमे पुण्या पावयित्वा ममाश्रमभ्।

अर्थात् राजा भगीरथले वैकुण्ठलोकमा रहेकी गङ्गालाई प्रशन्न गरी प्राप्त गरेकी मन्दाकिनी गङ्गा शिवको जटा अर्थात् कैलासबाट प्रवाहित भएर ब्रह्माजीको मानसिक सङ्कल्पले निर्मित मानसरोवर भरिएको थियो । त्यही मानसरोवरबाट गुप्त रूपमा प्रवाहित हुने मानसी गङ्गाको पश्चिमी धारा धनाध्यक्ष कुबेरद्वारा उत्तरकौशल प्रान्तको अलकापुरीमा गरिएको वाजपेय यज्ञमा उपस्थित अभ्यागत ऋणिमुनिहरूको स्नान, सन्ध्या गर्नका लागि महर्षि वेदव्यासले लिपिपर्वत पश्चिमतिरबाट प्रकट गर्नुभएको थियो ।

महाकाल शिवको शिरबाट बगेको हुनाले महाकालको क्रोधले मन्दाकिनी शारदा गङ्गा नै श्यामा अर्थात् काली

भई महाकाली नाम पर्न गएको हो । यी नदी मन्दाकिनी, सत्यवाहिनी, श्यामा, काली, महाकाली, शारदा, कौशिकी, सरयू, मानसी, वैयासिकी, जटागङ्गा, सरोजा आदि अनेक नामले चिनिन्छिन् ।

यी नदी अगाडि बग्दै जाँदा व्यासी, धौली, गौरी, चौलानी, ईश्वरी गङ्गा, सर्जु, सुरनया, रामगङ्गा (रङ्गुन) आदि साना ठूला नदीहरूलाई आफूमा मिलाउँदै भारत उत्तरप्रदेशको सीतामडी जिल्लाको ब्रह्मघाटमा कर्णाली नदीमा सङ्गमित हुन्छिन् । त्यहाँ घाघरा नदीका नामले चिनिदै पापनाशिनी सरयूका नामले प्रसिद्ध भई पटना विहारमा भागरथी गङ्गामा मिलेर बङ्गालको खाडीमा समुद्रमा समाहित भई गङ्गा सागरमा मिसिइन्छिन् ।

मानससरोवरबाट प्रवाहित यस्ता पावन यी दुई महाकाली गङ्गा र कर्णाली महानदीको जलाधार क्षेत्रबीचको भू-भागलाई नै मानसखण्ड भनिन्छ । यस अन्तर्गत नै वर्तमानको सुदूरपश्चिम प्रदेश पर्दछ । चत्वारिंशत् सहस्त्राणि सन्ति तीर्थाणि मानसे । अर्थात् यस मानसखण्डमा चालीस हजार तीर्थस्थलहरू रहेका छन् ।

महाकाली गङ्गातटका तीर्थस्थल तथा सङ्गमहरू

पवित्र महाकाली गङ्गाको तटीय क्षेत्रमा अनेकानेक तीर्थस्थल, ऋषिमुनिका आश्रम, त्रिवेणी सङ्गम तथा स्नानघाट एवम् मानसघाटहरू रहेका छन्- चतुर्टष्ट्र तीर्थ (चौदास), व्यासतीर्थ (व्यास क्षेत्र), हंसेश्वर तीर्थ (दार्चुला), कालीगोरी सङ्गम (जौलजीवी), महाकाली-चौलानी सङ्गम (सेरा बैतडी), ईश्वरी गङ्गा-महाकाली सङ्गम (बैतडी), कटभ्डी ताल (झुलाघाट), लाटाको थान (बल्तडी) पेउल्या पीताम्बर घाट, नीलगढ-महाकाली सङ्गम, सरयू-काली सङ्गम (पञ्चेश्वर), धरमघाट सुननया (महाकाली सङ्गम), ठूलीगाड-महाकाली सङ्गम (पूर्णागिरी), रामगङ्गा (रङ्गून), महाकाली सङ्गम (परशुराम क्षेत्र), ब्रह्मघाट (ब्रह्मदेव), रामघाट (वनवासा-गड्डाचौकी), एकनम्बर घाट, मुक्तिघाट (आर्यघाट), सप्तऋषि घाट (भुजेला), हरिहर घाट (ओदालीऐरी), महाकाली पुल, रामानुज-मानसघाट (झोलुङ्गे पुल), गोघाट (दोधारा), कञ्चनघाट (कञ्जभोज), ब्रह्मघाट (महाकाली-कर्णाली सङ्गम) आदि रहेका छन् ।

महाकाली गङ्गातटमा गरिने धार्मिक क्रियाकलाप

गङ्गातटको ठूलो महत्त्व हुन्छ । त्यसमा पनि नदी सङ्गम तटीय मन्दिर एवम् घाटहरूमा गरिने धार्मिक क्रियाकलाप तथा दानको महत्त्व सामान्य ठाउँको भन्दा दशौं गुना बढी हुन्छ । मानसवंशीहरू प्राचीनकालदेखि नै महाकाली गङ्गाका अनेक घाट तथा सङ्गमस्थलहरूमा स्नान, दान, पूजा, पाठ, चूडाकरण, मुण्डन, ब्रतबन्ध, अन्त्येष्टिकर्म, दाहसंस्कार, अस्तुक्षेपन, गयाप्रयाग, पिण्डदान, श्राद्ध,

त्रिपिण्डी श्राद्ध, नागबलि, कालसर्प शान्ति, नारायणबलि आदि देव तथा पैतृक क्रियाकलाप गर्नुका साथै मृतक व्यक्तिको भूसमाधी र जलसमाधी पनि गर्दैआएका छन् ।

महाकाली गङ्गातटमा लाग्ने मेला तथा स्नान

महाकाली गङ्गातटमा अनेक तिथि र मितिमा मेला लाग्नुका साथै यहाँ स्नान गर्ने गरिन्छ । जसमा बैशाख एक गते विषु पर्व स्नान, बैशाख शुक्लदशमी गङ्गादशहरा स्नान, श्रावण महिनामा मानसव्रत र बोलबम यात्रा, जनै पूर्णिमामा ऋषितर्पणी, भाद्र शुक्ल पञ्चमीका दिन ऋषि पञ्चमी स्नान, नरहरि सङ्क्रान्तिका दिन मकर स्नान र माघ महिनाभरि माघ स्नान, शिवरात्री आदि पर्वहरूमा ठूलो मेला लाग्नुका महास्नान तथा तटमै पूजा पाठ गर्ने गरिन्छ ।

महाकाली गङ्गाजलको महत्त्व र भराण-देउरा स्नान

महाकाली गङ्गाको उत्पत्ति मानससरोवरबाट भएको हुनाले यसमा स्नान गर्नुको अर्थ मानससरोवरमा स्नान गर्नु नै हो । महाकाली नदीलाई मानसी गङ्गा भनिन्छ । यसको जल भनेको मानससरोवरको नै हो । त्यसैले यस मानसखण्डीय क्षेत्रका देवी देवताका भराण अथवा देउराहरूको स्नान गराउन आ-आफ्नो क्षेत्रका महाकाली गङ्गा तटीय घाटहरूमा आउने जाने गरेको पाइन्छ । जसमा हंसेश्वर तथा काली-गोरी सङ्गम, जोलजीवीमा दार्चुला र धारचुला तटीय क्षेत्रका देवी देवताका भराण-देउराको स्नान गराइन्छ ।

बैतडी त्रिपुरासुन्दरी रणसैनी भगवतीको गातस्नानका लागि पर्वहरूमा नित्य झुलाघाट महाकालीघाटबाट जल ल्याई चप्पल जुत्ता नलगाई पैदल हिँडेर 'जल बोक्ने' प्रचलन आज पनि रहिआएको छ । त्यस्तै पञ्चेश्वर क्षेत्रमा तल्लीसोराड तथा चम्पावत पिथौरागढका देवी देवताहरूका भराण एवम् पण्डा-पुजारी, धामी, कारिवारीहरू स्नानका लागि पुग्दछन् । भित्री मधेशको परशुराम क्षेत्रमा डडेल्धुरा डोटी मण्डलका देवीदेवताहरूको देउरा तथा भराण, पण्डा-पुजारी अन्य कारिवारीहरू स्नानका लागि पुग्ने प्रचलन आज पनि छ । कञ्चनपुरको ब्रह्मदेव तथा कञ्चनपुरघाट कञ्जभोजमा प्राचीनकालमा पूर्णागिरी, सिद्धनाथ बैजनाथको भराण तथा पण्डा-पुजारी, धामी, भण्डारेहरू लगायतले स्नान शुद्धी गर्न आउने जाने गर्दथे ।

यही परम्परालाई कायम राख्न हाल महाकाली तटीय क्षेत्रमा अनेक घाटका पुनर्नामकरण र स्थापना हुन जरूरी देखिन्छ ।

महाकाली गङ्गातटमा गरिने दानपुण्यहरू

गङ्गाको किनारामा गरिने दानको धेरै महत्त्व रहेको छ । कुनै एक वस्तुदेखि लिएर तीनसय पैसट्ठी वस्तुसम्मको दान गर्ने गरिन्छ । चौरासी दान, चौसठदान, दशदान, अष्टदान आदिको आफ्नै महत्त्व छ ।

यस क्षेत्रमा निल-गुडको दान, खिचडी, खीर, कन्दमूल, कम्मल, पिण्डदान लगायत, काकवलि (कन्वार ोटो दिने), गङ्गादशहरामा पुतली सेलाउने आदि पुण्य कार्यहरू गरिन्छन् ।❖

–भीमदत्त-३, कञ्चनपुर

हुण्डी चोरीमा दोषी को ?

गत माघ १४ गते पशुपति मूल मन्दिरको पश्चिमतर्फ राखिएको हुण्डी हरायो । एकाएक हुण्डी नै गायब भएपछि पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव सहितको टोलीले मुचुल्का गरी सत्यतथ्य पत्तालगाउन भन्दै कोष सञ्चालक परिषद् सदस्य देवी बरालको अध्यक्षतामा सात सदस्यीय छानविन समिति गठन गर्‍यो । समितिका अन्य सदस्यहरूमा परिषद् सदस्य रमेशकुमार शिवाकोटी, पशुपति मन्दिर अन्तरगत संस्कृति महाशाखा प्रमुख, महानगरीय प्रहरी वृत्त गौशालाका प्रमुख, प्रहरी पहरागण पशुपतिका प्रमुख, सशस्त्र प्रहरी बल पशुपति बेस क्याम्पका इन्चार्ज एवम् मन्त्रालयका प्रतिनिधि रहनुभएको थियो भने सचिवको रूपमा पशुपति क्षेत्र विकास कोषका निर्देशक भरत मरासिनी र प्रशासकीय अधिकृत वासु रिसेल रहनुभएको थियो । सो विषयमा गठित छानविन समितिले आफ्नो प्रतिवेदन गत फागुन २१ गते कोषका अध्यक्ष माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती बुझाएको छ । प्रतिवेदनले कसलाई दोषी ठहर गरेको छ र दोषी माथि कुनै कारवाही हुन्छ या हुँदैन अहिले सबैको ध्यान त्यसैमा केन्द्रित छ । ❖

शिवनामको महिमा

पनि त्रिवेणीस्नान गरेको फल मिल्दछ । भगवान् शिवको नाम, भस्म र रूद्राक्ष यी तीन चीजहरू अति नै पुण्यदायक एवम् पवित्र वस्तु हुन्, यिनले त्रिवेणीस्नान बराबर फलप्रदान गर्दछन् । जसका शरीरमा यी तीन चीजहरू सधैं रहन्छन्, त्यस्ता महात्माको दर्शनबाट पापहरण हुन्छ र त्यस्ताको दर्शन पनि दुर्लभ छ । तिनको दर्शन गर्नु र त्रिवेणीको दर्शन र स्नान गर्नु बराबरी हो, अलिकति पनि फरक छैन । जो यस्तो कुरो जान्दैन, त्यो पापी हो, यसमा शङ्का छैन ।

ऋषिहरू भन्नुहुन्छ– हे महाभाग ! हे व्यासका शिष्य हे सूतजी ! तपाईंलाई नमस्कार छ । अब तपाईं विस्तारपूर्वक भस्मको माहात्म्य बताउनुहोस् । त्यस्तै रूद्राक्षको माहात्म्य र पवित्र नाम महात्म्य पनि वर्णन गर्नुहोस् । यी तीनै कुरा प्रेमपूर्वक बताएर हाम्रो मनलाई आनन्द दिलाउनुहोस् ।

सूतजी भन्नुहुन्छ– तपाईंहरूले संसारको हितका लागि ज्यादै राम्रो कुरा– सोध्नुभयो, तपाईंहरू धन्य, पवित्र एवम् कुलका भूषण हुनुहुन्छ । जसको साक्षात् भगवान् शिव नै परम देवता हुनुहुन्छ, त्यस्ताको संसारमा सधैं भगवान् शिवको कथामा नै प्रेम हुन्छ । तिनीहरू धन्य र कृतार्थ छन्, तिनीहरूले शरीरधारण गरेको पनि सफल छ, तिनीहरू कुलको पनि उद्धार गर्दछन्, जो शिवको उपासना गर्दछन् । जसका मुखमा शिव शिव भन्ने भगवान् शिवको नाम छ, त्यस्तालाई खयरको आगो (झर्झराउँदो कोइला) लाई छुन नसके जस्तै पापहरूले छुन सक्तैनन् । जसको मुखले 'श्रीशिवाय नमः' श्रीशिवलाई नमस्कार भन्दछ, त्यसको मुख नै सम्पूर्ण पापनाशक पावन तीर्थ हो । जसले प्रेमपूर्वक त्यस्ता भक्तको मुख हेर्दछ, उसलाई तीर्थको दर्शन गरेको फल मिल्दछ; यसमा कुनै शंका छैन ।

हे ब्राह्मणहरू हो ! यस्ता पुण्यात्मा शिवभक्त जुन–जुन स्थानमा बस्तछन्, तिनको दर्शनमात्र गरियो भने

जसका निधारमा भस्म छैन, शरीरमा रूद्राक्ष छैन र मुखमा पनि भगवान् शिवको नाम छैन, त्यसलाई अधम ठानेर त्याग गर्नुपर्छ । भगवान् शिवको नाम गङ्गाजस्तै हो, विभूति यमुनाजस्तो हो अनि रूद्राक्ष चाहिं समस्त पापनाश गर्ने सरस्वतीसमान हो । जुन मानिसका शरीरमा यी तीन चीज छन्, विद्वान्‌हरूले तिनको फल एकातिर र त्रिवेणीस्नानको फल अर्कातिर राखे अनि संसारको हित गर्ने ब्रह्माजीले यी दुवैलाई तौलँदा फल बराबर भएको थियो । त्यसैले ज्ञानी जनहरूले सदा शिवनाम जप गर्नुपर्छ, रूद्राक्ष र विभूति पनि धारण गर्नुपर्दछ । त्यसै दिनदेखि लिएर ब्रह्मा, विष्णु आदि देवताहरूले पनि यी तीन कुरा शिवनाम, विभूति र रूद्राक्षधारण गर्ने नियम गर्नुभयो, जसको दर्शनमात्रले पनि पापहरण हुन्छ । हे सूतजी ! यदि यी तीन कुरा शिवनाम, भस्म र रूद्राक्षको यस्तो फल बताइएको छ भने विशेष गरेर तिनको माहात्म्य पनि हामीलाई बताउनुहोस् ।

सूतजी भन्नुहुन्छ – हे ऋषिहरू हो ! तपाईंहरू अत्यन्त ज्ञानी हुनुहुन्छ र ज्ञानीहरूमा पनि उत्तम शिवभक्त हुनुहुन्छ । तपाईंहरू आदरपूर्वक त्यो माहात्म्य श्रवण गर्नुहोस् । हे ब्राह्मणहरू हो ! यो कुरा शास्त्र, पुराण र वेदहरूमा गोप्य छ । तपाईंहरूका स्नेहबाट म अब प्रकट गरिरहेको छु । हे ब्राह्मणहरू हो ! यी तीन चीजको सम्पूर्ण माहात्म्य को

जान्न सक्छ र ? केवल यस ब्रह्माण्डमा सत्य-असत्यबाट पर रहने शिवमात्र जान्नुहुन्छ । तैपनि भक्तिपूर्वक संक्षेपमा नाम माहात्म्य भन्दछु, सबै पापहरण गर्ने शिवनामको महिमा तपाईंहरू प्रेमपूर्वक श्रवण गर्नुहोस् ।

'शिव' भन्ने यो नाममात्र पनि पापरूपी ठूला पर्वतहरूलाई डढाउने दावाग्नि हो । नाम लिनेबित्तिकै पाप अनायास दग्ध हुन्छ, यो सत्य हो, यसमा सन्देह छैन । हे शौनक ! पापबाट उत्पन्न हुने जति पनि दुःखहरू छन्, ती सबै दुःखहरू भगवान् शिवका नामबाट मात्र नष्ट हुन्छन्, यसमा शङ्का छैन । त्यो मनुष्य नै वैदिक, पुण्यात्मा, धन्य र पण्डित पनि हो, जो यस पृथिवीमा नित्य भगवान् शिवको नाम जप्तछ । जसको शिवनाम-जपमा विश्वास छ, त्यस्ता भक्तले गरेका जति पनि कर्महरू छन्, ती सबै कर्म फल प्रदान गर्न उत्सुक भइरहन्छन् । भगवान् शिवका नामबाट जति पाप नष्ट हुन्छन्, त्यति पाप त पृथ्वीमा कुनै मानिसले गरेकै हुँदैन । हे मुनि ! मनुष्यहरूका गन्नै नसकिने ब्रह्महत्या आदि पाप पनि भगवान् शिवको नाम लिनेबित्तिकै नाश भएर जान्छन् ।

भगवान् शिवको नामरूपी नाउ प्राप्त गरेर जो मनुष्य संसाररूपी सागर तर्दछन्, तिनीहरूका संसारमूलक पापहरू सबै नष्ट हुन्छन्; यसमा सन्देह छैन । हे महामुनि ! संसारमूलक पातकहरूलाई शिवनामरूपी बज्रराले निश्चय नै विनाश गर्छ । पापरूपी वनडढेलाबाट दुःखित भएका मानवहरूले शिवनामरूपी अमृतपान गर्नुपर्दछ । पापरूपी दावाग्निबाट डढेकाहरूलाई शिवनामविना अरू केहीले शान्ति हुँदैन । 'शिव' यस नामरूपी अमृतधारामा चुर्लुम्म डुबेकाहरूले संसाररूपी अग्निका माझमा रहेता पनि कहिल्यै शोकभागी हुनुपर्दैन । जुन महात्माहरूको शिवनाममा ठूलो भक्ति छ, तिनीहरू सर्वत्र मुक्त हुन्छन् ।

हे मुनीश्वर हो ! जसले अनेक जन्म लगाएर तपस्या गरेको छ, त्यसको मात्र सम्पूर्ण पापहरण गर्ने भगवान् शिवका नाममा भक्ति हुन्छ । जसले असाधारण रूपबाट शिवनामको अखण्डभक्ति गरेको छ, त्यसैलाई मात्र मुक्ति सुलभ हुन्छ, अरूलाई हुँदैन भन्ने मेरो विचार छ । अनेकौं पापहरू गरेर पनि जसले आदरपूर्वक शिवनामको जप गर्दछ, त्यो निःसन्देह सबै पापहरूबाट मुक्त हुन्छ । जसरी जङ्गलमा वनडढेलाबाट रूखहरू भस्म हुन्छन्, त्यसै गरी शिवनामबाट सबै पापहरू भस्म हुन्छन् । जो मनुष्य सधैँ शरीरमा भस्म लगाएर आदरपूर्वक शिवनामको जप गर्दछ, हे शौनकजी ! त्यो मनुष्य डरलाग्दो संसारबाट तर्दछ । ब्राह्मणहरूको द्रव्य हरण गरेर र धेरै ब्राह्मणहरूलाई मारेर पनि भक्तिपूर्वक शिवनाम जप्तछ भने त्यो मनुष्य पापबाट लिप्त हुँदैन ।

हाम्रा पूर्वज ऋषि महर्षिहरूले सम्पूर्ण वेदको अवलोकन गरेर शिवनामको जप नै संसारसागर पार गर्नाका निमित्त सर्वोत्तम साधन हो भन्ने कुरा निश्चय गरेका छन् । हे मुनीश्वर हो ! धेरै बयान गरेर के हुन्छ र ? अब म पापापहारी शिवनामको महिमा एउटै श्लोकमा भन्दछु । भगवान् शिवजीको एउटै नाममा पापहरण गर्ने त्यति शक्ति छ, जति पाप मनुष्य कहिल्यै पनि गर्न सक्तैन ।

हे मुनि ! अघि कुनै समयमा इन्द्रद्युम्न नाम गरेका राजा थिए, ती साह्रै पापी थिए । ती राजाले शिवनामको प्रभावबाट सद्गति प्राप्त गरे । त्यस्तै अर्को कुनै एउटी युवती ब्राह्मणी पनि धेरै पापिनी थिइन् । तिनी पनि शिवनामको प्रभावले गर्दा सद्गतिमा प्राप्त भइन् ।❖

श्रीशिवमहापुराण विद्येश्वरसंहिता शिवनाममाहात्म्यवर्णन अन्तरगत त्रयोविंशोऽध्यायः

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मोवायल: ९८०३४७३०३७

पशुपति देवपत्तनमा सञ्चालन हुने पाँहाँ चह्रे पर्व, २०७९ सालको माता श्रीवत्सलेश्वरी देवी एवम् माता वज्रेश्वरी देवीको पर्व पूजा तथा जात्रा कार्यक्रम विवरण

मिति	तिथि	जात्रा पर्व पूजा	समय
११/३० मंगलबार चैत्रकृष्ण अष्टमी	चैत्रकृष्ण अष्टमी	**दुःदुः च्याँ च्याँ** (श्रीपशुपतिनाथबाट निमन्त्रणा पूजा) श्रीपशुपतिनाथको मन्दिर प्राङ्गणबाट भुवनेश्वरी, जयवागेश्वरी, ताम्रेश्वर, सिफल, भण्डारेश्वर, कालोपुल, ज्ञानेश्वर महादेव, नक्साल भगवती, हात्तिसार, तीनधारा पाठशाला, जमल कमलाक्षी/जमलपाटी, कमलाक्षीबाट इन्द्रचोक, हनुमानढोका, वसन्तपुर, चिकमुगल, जैसीदेवल, टेकु पचली हुँदै लगन डबली । लगन डबलीबाट हनुमानढोका, नरदेवी, रक्तकाली, श्वेतभैरव हुँदै सोही मार्गबाट पशुपति देवपत्तन आउने ।	साँझ ५ बजे
१२/०४ शनिबार	चैत्रकृष्ण द्वादशी	**देशोद्धार पूजा** (वज्रेश्वरी मन्दिर) अमालकोट कचहरीको डबलीबाट विभिन्न समुदायको पूजा सामग्री, वली, वाजागाजा सहितको लावालस्कर सहित वज्रेश्वरी मन्दिर पिंगलास्थान प्रस्थान ।	अपराह्न ४ बजे
१२/०५ आइतबार	चैत्रकृष्ण त्रयोदशी	**देशोद्धार पूजा** (श्रीवत्सलेश्वरी मन्दिर) ।	दिवा १ बजे
१२/०५ आइतबार	चैत्रकृष्ण त्रयोदशी	श्री वज्रेश्वरी मन्दिरमा कुम्हमचा(कन्या)पूजा ।	रात्रि १० बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	**पाँहाँचह्रे**ः श्रीवत्सलेश्वरी मन्दिरमा श्रीपशुपतिनाथका मूलपुजारीज्यूबाट श्रीपशुपतिनाथका तर्फबाट वलिदान सहित पूजा ।	दिवा १ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	बज्रेश्वरी मन्दिरमा बलिदान सहितको पूजा ।	रात्रि ८ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	श्री वत्सलेश्वरीको मन्दिरमा कुम्हमचा (कन्या)पूजा ।	मध्यरात
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	पाँहाँचह्रेः दुनियाँ पूजा सकेपछि बज्रेश्वरीको हरिजन टोलमा रथजात्रा । वज्रेश्वरीको रथजात्रा ईँटापाखामा ल्याउने ।	रातभर
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	श्रीबज्रेश्वरीमा श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	अपराह्न ४ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	श्रीजयवागेश्वरी मन्दिरमा श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	साँझ ५ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	अमालकोट कचहरीस्थित श्रीतलेजु भवानीमा अमालकोट कचहरीको तर्फबाट बलि सहितको पूजा ।	साँझ ७ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	श्रीवत्सलेश्वरी देवीको अन्नप्रासन र अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	रात्रि ९ बजे
१२/०६ सोमबार	चैत्रकृष्ण चतुर्दशी	श्रीवत्सलेश्वरी देवीमा कन्याकुमारी पूजाका लागि आकाश भैरव, महादेव, वत्सलेश्वरी माताको प्रतिमूर्ति खटमा राखी श्रीवत्सलेश्वरी मन्दिरमा लैजाने ।	रात्रि ९:३० बजे

१२/०७ मंगलबार	चैत्रकृष्ण औंसी	हरिजनटोलबाट बज्रेश्वरीको रथयात्रा इट्टापाखामा ल्याइने । माता श्रीबज्रेश्वरीको रथ जात्रा विहान ७ बजे शुरुभई साँझ समापन पश्चात माता श्रीवत्सलेश्वरी देवीको जात्रा तथा आकाशभैरवको जात्रा आरम्भ हुने ।	बिहान ७ देखि रात्रि ८ बजेसम्म
१२/०८ बुधबार	चैत्रशुक्ल प्रतिपदा	श्रीपशुपतिनाथ भण्डार तहवीलबाट विचार पूजा चलाउने ।	रात्रि ८ बजे
१२/०८ बुधबार	चैत्रशुक्ल प्रतिपदा	श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बाजा गाजा सहित श्रीका मूलपुजारी निवासमा जाने, सो दिन मूलपुजारीज्यूबाट सम्पूर्ण रैरकमी तथा कर्मचारीहरूलाई पगडी बाँध्ने काम हुने ।	रात्रि ९ बजे
१२/०८ बुधबार	चैत्रशुक्ल प्रतिपदा	पगडी अर्थात् फेटा बाँध्ने काम समाप्त भएपछि श्रीका मूलपुजारी सहित अमालकोट कचहरीमा जाने । वत्सलेश्वरी देवीको रथलाई श्रीपशुपतिनाथको मूलढोकामा दुई ठक्कर ढोगाएपछि अमालकोट कचहरीका द्वारेले सिन्दुर चढाउने र रथलाई अमालकोट डबलीमा ल्याई राख्ने । उक्त दिन नक्साल भवतीको रथयात्रा श्रीको मूल ढोकामा ढोगाएपछि सो रथ अमालकोट कचहरीको डबलीमा ल्याई वत्सलेश्वरी रथयात्रामा ढोगाई सकेपछि मूलपुजारीज्यूबाट वत्सलेश्वरीको रथ "खट" चलाउन निर्देशन दिने ।	रात्रि ९:३० देखि १०:१५ बजेसम्म
१२/०९ बिहीबार	चैत्रशुक्ल द्वितीया	श्रीवत्सलेश्वरी देवीको जात्रा खट पशुपतिनाथमा तीन ठक्कर ढोगाएपछि श्रीका मूलपुजारीले सिन्दुर चढाई मूल डबलीमा राख्ने ।	अपराह्न ४ देखि रात्रि ३ बजेसम्म
१२/०९ बिहीबार	चैत्रशुक्ल द्वितीया	सोही दिन अमालकोट कचहरीका तर्फबाट विचार पूजा चलाउने र रात्रि अमालकोट कचहरीबाट सिन्दुर यात्रा गरी श्रीवत्सलेश्वरी देवीको प्रतिमूर्ति तथा आकाशभैरव देवता, देवता घरमा भित्र्याउने ।	

पशुपतिबाट उपत्यकाको जात्रा शुरुवात

चैत्र कृष्ण पक्षको अष्टमी तिथि (शितलाष्टमी)बाट शुरूभइ ११ दिनसम्म सञ्चालन हुने पाशुपत क्षेत्रको बत्सलेश्वरी एवम् बज्रेश्वरी जात्रा गत चैत ३० गते आरम्भ भएको छ । भगवान् श्रीपशुपतिनाथको प्रतीक शिवलिङ्गलाई खटमा राखी काठमाडौंको भित्री शहरसम्म जाने परम्परालाई दुः दुः च्याँ च्याँ अर्थात् निम्ता पूजा भन्ने चलन छ । त्यसपछि चैत कृष्ण द्वादशीमा बज्रेश्वरीमा देशोद्वार पूजा, चैत्र कृष्ण त्रयोदशीमा वत्सलेश्वरीमा देशोद्धार पूजा गरिन्छ भने चैतकृष्ण चतुर्दशी, औंसी, चैत्रशुक्ल प्रतिपदा र चैत्रशुक्ल द्वितीयाका दिन विभिन्न स्थान र समयमा बज्रेश्वरी, वत्सलेश्वरी, नक्शाल भगवती लगायतका खटहरू परिक्रमा गराउने चलन छ ।

विराट श्री अयुतचण्डी महायज्ञ आयोजना हुने

स्वआत्मनिर्भर नेपालको निर्माण, आर्थिक उन्नति एवम् औद्योगिक क्रान्तिका लागि परम पूज्य अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी श्रीप्रखरजी महाराजको सान्निध्य तथा मारवाडी सेवा समिति नेपालको तत्त्वाधानमा नेपालमा प्रथम पटक २५१ ब्राह्मणद्वारा १०० कुण्डीय विराट श्री अयुतचण्डी महायज्ञ एवम् श्री गणपति महायज्ञ श्रीमद्भागवत कथा, सन्त सम्मेलन एवम् श्रीकृष्ण रासलीलाका कार्यक्रम हुने भएको छ । उक्त कार्यक्रम आगामी २०८० बैशाख १० देखि २४ गते (२३ अप्रैल देखि ७ मई २०२३) सम्म वैशाख शुक्लपक्ष अक्षय तृतीया (आइतबार) देखि कृष्ण पक्ष द्वितीया (आइतबार) सम्म पशुपति मन्दिर क्षेत्र, वनकाली काठमाडौंमा आयोजना हुने जनाइएको छ ।

आयोजकका अनुसार सो महायज्ञमा २५१ कर्मनिष्ठ विद्वान् ब्राह्मणद्वारा १५ दिनमा १०,००० श्रीदुर्गा सप्तशती पाठ र १०,००० श्रीगणपत्यथर्वशीर्ष पाठ गरी १००० श्रीदुर्गा सप्तशती पाठद्वारा तथा १००० श्री गणपत्यथर्वशीर्ष पाठद्वारा १०० कुण्डमा हवन गरिने छ । सो महायज्ञमा कुल मिलाएर एक करोड दश लाख श्रीदुर्गा सप्तशती मन्त्र र एक लाख त्रीचालीस हजार श्रीगणपति मन्त्रहरूको प्रयोग हुने छ । १०० कुण्डमा १०० जना यजमान सहभागी हुने छन् ।

महायज्ञमा अनन्तश्री विभूषित जगद्गुरू रामानुजाचार्य स्वामी श्रीराघवाचार्य जी महाराजको मुखारविन्दबाट श्रीमद्भागवत कथाको प्रवचन हुने छ ।

२०८० सालको सार्वजनिक विदाहरू तय

सरकारले आगामी बर्ष अर्थात ०८० सालमा सार्वजनिक बिदाको सूची राजपत्रमा प्रकाशन गरेको छ । जसअनुसार आगामी बर्ष ३५ दिन देशभर लागू हुने गरी सार्वजनिक विदा दिइएको छ ।

अघिल्ला बर्षहरूमा कटौतीमा परेका २७ पुसमा पृथ्वी जयन्ती र १ फागुनमा जनयुद्ध दिवशको विदा दिने निर्णय गरेसँगै आगामी बर्ष सार्वजनिक बिदा ३५ दिन पुगेको हो ।

देशभर लागू हुने सार्वजनिक बिदा बाहेक काठमाडौं उपत्यकामा गाईजात्रा, घोडेजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र इन्द्रजात्रामा सार्वजनिक बिदा दिइएको छ । देशभर महिलाहरूका लागि तीज र जितिया पर्वमा बिदा दिइएको छ । फाल्गुनानन्द जयन्ती, गुरू नानक जयन्ती र मोहम्मद जयन्तीमा सम्बन्धित समुदायलाई बिदा दिइएको छ ।

२८ कुण्डीय गायत्री महायज्ञ हुने

नयाँ वर्ष २०८० को पावन अवसरमा आगामी बैशाख ५ गतेदेखि ९ गतेसम्म (सन् २०२३ अप्रिल १८-२२) चैतन्य जागरण २८ कुण्डीय गायत्री महायज्ञ हुने भएको छ । अखिल विश्व गायत्री परिवार गायत्री चेतना केन्द्र, काठमाडौंको आयोजना एवम् शान्तिकुञ्ज हरिद्वारको तत्त्वावधानमा नागार्जुन नगरपालिका, भीमढुंगा, भीमसेनस्थान, गायत्रीधाम काठमाडौमा सो महायज्ञको आयोजना हुने बताइएको छ ।

युगऋषि तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्य, वन्दनीय माता भगवती देवी शर्मा एवम् राष्ट्रगुरू योगी नरहरिनाथ तथा सम्बुद्ध महाराजको सत्प्रेरणाद्वारा नेपालबाट विश्वभर मानवता, शान्ति र अहिंसाको सन्देश प्रवाहित गर्न भगवान् श्री पशुपतिनाथद्वारा संरक्षित, माता जानकी अवतरित भूमि, भगवान् बुद्ध जन्मेको पावनभूमि, तपोभूमि, देवभूमि पुण्यभूमिको गरिमा जागरण गर्न सो अनुष्ठानको आयोजना गरिएको आयोजकको भनाइ छ ।❖

हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

THE VEGGIE THALI
Pashupati, Ktm, 9823029394
Thali
MO:MO
Chowmein
Tea/Coffee
& many more hygienic vegetable foods are available here
INDIAN | SOUTH-INDIAN | NEPALI | CHINESE
Catering facilities also available here

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरुः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

CG
बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।
#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८



हार्दिक आभार

पावन पशुपति क्षेत्रमा ऐतिहासिक कालखण्डदेखि आयोजना हुँदै आएको पाहाँचह्रे पर्व, माता श्रीवत्सलेश्वरी देवी स्वम् माता वज्रेश्वरी देवीको पर्व पूजा तथा जात्रा कार्यक्रममा सक्रियतापूर्वक सहभागी बनी सफल पार्न सहयोग गर्नुहुने समस्त स्थानीय दाजुभाइ दिदीबहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यहाँहरूका साथ र सहयोगले हाम्रा मौलिक संस्कृति जीवन्त रहेकोमा गर्व गर्दछौं ।

पूर्ण डंगोल
द्वारे
श्रीपशुपतिनाथ अमालकोट कचहरी
जयवागेश्वरी, काठमाडौं